का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ मंसिर २०८०,
मंगलबार
28 November 2023,
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २१, अंक २९३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# प्रचण्ड प्रवृत्ति बोल्ने तर काम नगर्ने

*प्रचण्डको प्रतिबद्धतामा वन ऐन र सुकुम्बासी समस्या तत्काल समाधान गर्ने थपिएको छ । यसअघि ल्याउने भएको निजामती सेवा ऐन अलपत्र छ । प्रहरी समायोजना हुन सकेको छैन । भनेको पूरा नभए पनि प्रचण्ड एक पछि अर्को प्रतिबद्धता जनाउन र बाचा गर्न छोड्दैनन् ।*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ मंसिर

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमबार दुई वटा प्रतिवद्धता सार्वजनिक गरेका छन् । आइतबार मात्र आफूले सुकुम्बासी समस्या समाधानका लागि एक साताभित्र ऐन संशोधन गर्ने निर्णय गरेको जानकारी गराएका उनले सुकुमबासी समस्या पनि अब समाधान हुने दाबी गरे ।

स्कुलको अगाडि रहेको रुख ढलेर विद्यार्थीको मृत्यु भयो, तर रुख काट्न वनले अनुमति नदिएको भन्दै उनले भने, 'त्यसलाई बदल्ने भनेर हामीले निर्णय गरेका छौं । त्यो ऐन संशोधनपछि लालपूर्जा वितरण वा वनले रोकेको विकास निर्माणका काम हुन्छ । त्यो खुल्नेवित्तिकै ठूलो क्रान्ति हुन्छ भन्ने मेरो विश्वास छ' उनले भनेका छन् ।

अर्थात, प्रचण्डको प्रतिवद्धतामा वन ऐन र सुकुम्बासी समस्या तत्काल समाधान गर्ने थपिएको छ । यसअघि ल्याउने भएको निजामति सेवा ऐन अलपत्र छ । प्रहरी समायोजना हुन सकेको छैन । भनेको पूरा नभए पनि प्रचण्ड एक पछि अर्को प्रतिवद्धता जनाउन र बाचा गर्न छोड्दैनन् ।

१० पुस २०७९ मा प्रधानमन्त्री बनेका प्रचण्डले २६ पुसमा विश्वासको मत लिएका थिए । त्यसबेला उनले प्रचण्ड मत पाएका थिए । प्रधानमन्त्री प्रचण्डले विश्वासको मत मागेको सम्बन्धी प्रस्तावको पक्षमा प्रतिनिधिसभाका २७५ सदस्यमध्ये २६८ जनाले मतदान गरेका थिए । कुल २७० जनाले मतदान गरेकोमा २६८ मत प्रचण्डको पक्षमा परेको थियो ।

राष्ट्रपतिको निर्वाचनपछि उनले फेरि विश्वासको मत लिनु पर्‍यो । त्यसबेला एमालेसहितका दलहरुले प्रचण्डलाई विश्वासको मत दिएका थिएनन् । दुवै पटक उनले आफू काम गर्नका लागि प्रधानमन्त्री भएको बताएका थिए । ६ महिनाभित्र कानुन बनाउने भनी बिभिन्न विषयहरु राखेका थिए । त्यसमध्येको संक्रमणकालीन न्याय सम्बन्धी विधेयक संसदीय समितिमा बिचारधीन छ । मनि लाउण्डरिङ सम्बन्धी विधेयक सभामा बिचाराधीन छ । अन्य कानुनहरु पनि रफ्तारमा अगाडि बड्न सकेका छैनन् । यसबीचमा महंगी बढेको छ । महंगी नियन्त्रणको विषय पनि सरकारको आलोचनाको विषय बनिरहेको छ । जनतामा नैराश्यता बढ्दो छ । वेरोजगारी समस्या उस्तै छ । विदेशिनेक्रम रोकिएको छैन । यही बेला राजावादीहरुको आन्दोलन सुरु भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रमाथि कतिपयले प्रश्न उठाउन थालेका छन् । तर, सरकारका कामकारबाही जनताको नैराश्यता कम गर्ने भन्दा ज्यादा सरकार टिकाउने र राजवादीहरुको आलोचना गर्नेतर्फ केन्द्रित छ । सरकारले यसबीचमा टिकटक एप बन्द गरेको छ । यसका सम्बन्धमा सकारात्मक र नकारात्मक धारणा दुवै छन् । तर, सामाजिक सञ्जाल नियमन गर्ने बाचा गरेको सरकारले रफ्तारमा यस सम्बन्धी नीति बनाउन सकेको छैन । आएको नीति पनि प्रभावकारी कार्यान्वयमा जान सकेको छैन ।

### प्रसाईंको साथ छोड्दै समर्थक

# आचार्य श्रीनिवास फेरि पक्राउ

उग्र बन्दै गएका प्रसाईं नेतृत्वको आन्दोलनमा समर्थकले साथ छोड्न थालेपछि धर्मगुरु आचार्य श्रीनिवास पनि आएका हुन् । तर उनी पक्राउ परेपछि आन्दोलन मत्थर भएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ मंसिर

दुर्गा प्रसाई राजधानी केन्द्रित आन्दोलनमा छन् । राजा र राप्रपाको साथ पाउन नसकेपछि निराश भएका प्रसाई आन्दोलनाई भने उग्र बनाउन खोज्दैछन् तर, समर्थकले भने उनको साथ छोड्न थालेका छन् । प्रसाई नेतृत्वमा सोमबार काठमाडौंको गौशालामा भएको प्रदर्शनमा यही कारण तनाव भएको थियो ।

सोमबार विवादास्पद धर्मगुरु आचार्य श्रीनिवास पनि उपस्थित भए । प्रसाई नेतृत्वमा



भएको आन्दोलनमा आफ्ना समर्थकसहित गएर उनले उग्र अभिव्यक्ति दिए । गेरुवस्त्रमा त्रिसुलसहित आएर उग्र अभिव्यक्तिसँगै सडक अवरुद्ध पार्न खोजेपछि प्रहरीले लगत्तै उनलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर, काठमाडौंका प्रमुख एसएसपी भुपेन्द्र खत्रीका अनुसार भिडलाई उग्र बनाएपछि नियन्त्रणमा लिइएको हो ।

प्रसाईले ७ मंसिरमा बल्खुमा शक्ति प्रदर्शन गरेका थिए । त्यसक्रममा उनले धार्मिक अतिवादी समूहहरुलाई समेत बोलाएका पृष्ठ २ मा


विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं
सरकारी निकायले विज्ञापन गर्दा:
- सञ्चारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं।
- विज्ञापन एजेन्सीमार्फत विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं।
- भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं।
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गर्ने गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

# आरजुले खोजिन् थप क्षेत्राधिकार

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ११ मंसिर

सोमबार सभामुख देवराज घिमिरेले संसदीय समितिका सभापतिहरुसँग छलफल गरे । त्यसक्रममा कृषि सहकारी तथा प्राकृतिक स्रोत समिति सभापति डा. आरजु राणा देउवाले क्षेत्राधिकार थप माग गरेकी छन् ।

छलफलका क्रममा उनले आफ्नो नेतृत्वमा ९ सांसदको हालै भएको बंगलादेश भ्रमणबारे जानकारी गराइन् । बंगलादेशमा कृषि र सिँचाइ मन्त्रालय एउटै रहेको उल्लेख गर्दै राणाले नेपालमा पनि यो अवश्यकता महसुस भएको बताइन् ।



*संसदीय विषयगत समितिको क्षेत्राधिकारको विषय प्रतिनिधिसभा नियमावलीमा व्यवस्थित गरिएको हुन्छ । यसमा संशोधन गर्न राजनीतिक दलहरु नै तयार हुनुपर्छ ।*

कृषि समिति सभापति राणा र पूर्वाधार विकास समिति सभापतिमा दीपकबहादुर सिंह नजिकै थिए । पूर्वाधार समितिका सभापति सिंहलाई देखाउँदै उनले 'उहाँ मेरो सम्धी पर्नु हुँदो रहेछ । अब काम मिलेर यसै पनि गर्न परिहाल्छ । कृषि समितिको क्षेत्राधिकारमा सिँचाइलाई पार्न उहाँले पनि सहयोग गर्नुपर्ने हुन्छ' भनिन् ।

कृषि समितिले यसअघि समितिबाट निर्णय नै गरेर आफ्नो क्षेत्राधिकारभित्र सिँचाइ मन्त्रालय पारिदिन माग गरेको थियो । पूर्वाधार विकास समिति सभापति सिंहले क्षेत्राधिकारको विषयमा दाँयाबाँया गर्ने सोचमा नरहेको जवाफ दिए ।

'सम्धी नभए पनि सहयोग गर्नुपर्छ, आपसमा समन्वय हुनुपर्छ समितिहरुका बीचमा', सभापति सिंहले थपे, 'सिँचाइ माग्नुभयो । ठीक छ, कति चाहियो तपाईंलाई ? कति कुलो चाहियो ? पानी कति चाहिन्छ त्यो हामी पूर्वाधारसहित पुर्‍याइदिन्छौं । तपाईं कृषि गर्नुहोस् न'

अर्थात, डा. आरजु राणा देउवाले क्षेत्राधिकार थप खोजेको विषय तत्कालका लागि अर्को समिति सभापतिले अस्वीकार गरिदिए । उनले पहिलो पटक क्षेत्राधिकार थप माग गरेकी होइनन् । यसअघि उनले पत्र नै लेखेर सभामुख समक्ष क्षेत्राधिकारमा पुनरावलोकनका लागि आग्रह गरेकी थिइन् ।

सभापति भएपछिको पहिलो बैठकबाटै उनले समितिको क्षेत्राधिकारको विषयमा निर्णय गराएकी थिइन् । 'विगतमा जलस्रोत र सिँचाइ यही समितिको कार्यक्षेत्रभित्र थियो । यसपटक हटाइएको रहेछ । यसलाई फर्काउने भनेर जाउँ' सुरुवातमै उनले राखेको प्रस्ताव २७ भदौ २०८० मा निर्णय भएको थियो ।

कृषि तथा प्राकृतिक स्रोत समितिले गर्ने छलफल र अध्ययनमा जलस्रोत र सिँचाइ अनिवार्य जोडिने उनको जिकिर छ । 'जलस्रोत र सिँचाइ हामीसित हुनुपर्छ । किनभने प्राकृतिक पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# योगदानकर्ताका परिवार पनि लाभान्वित हुने गृहकार्य

**काठमाडौं/रासस-** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संविधानमा भएको व्यवस्थाअनुसार समाजवादोन्मुख संविधान कार्यान्वयनको सबैभन्दा महत्वपूर्ण आयाम सामाजिक न्याय भएको बताएका छन् । सामाजिक सुरक्षा कोषद्वारा सोमबार राजधानीमा आयोजित छैटौं सामाजिक सुरक्षा दिवस कार्यक्रममा प्रधानमन्त्री दाहालले उक्त कुरा बताएका हुन् ।

प्रधानमन्त्री दाहालले भने, 'सामाजिक न्याय कार्यान्वयनको महत्वपूर्ण आधार सामाजिक सुरक्षा कार्यक्रम हो तसर्थ, यो कार्यक्रम समाजवादी राज्य स्थापनाको आकांक्षा राख्ने सम्पूर्ण जनसमुदायका निम्ति गौरवको विषय हो ।'

प्रधानमन्त्री दाहालले शुरुवाती चरणमा कोषमा सूचीकृत योगदानकर्ताले मात्रै स्वास्थ्योपचारलगायत अन्य सुविधा प्राप्त गर्ने व्यवस्थामा सुविधा थप गर्दै योगदानकर्ताका परिवारलाई नै स्वास्थ्य उपचार सुविधा दिने गरी गृहकार्य भइरहेकामा आफूलाई खुसी लागेको उल्लेख गरे । उनले स्वास्थ्यमा सबैको सहज पहुँच पुऱ्याउन यसप्रकारका कार्यक्रम एक उत्कृष्ट नमूना बन्ने विश्वास व्यक्त गरे । प्रधानमन्त्री पृष्ठ २ मा

## कोरियन भाषा परीक्षामा चार हजार उत्तीर्ण
## बेलायतका लागि ७१ नर्सको प्रारम्भिक सूची सार्वजनिक

**काठमाडौं/मस-** ईपीएस कोरिया शाखाले दक्षिण कोरियामा पानीजहाज निर्माण क्षेत्रका लागि लिएको भाषा परीक्षामा ४ हजार ९८ जना नेपाली उत्तीर्ण भएका छन् । गत असोज १ देखि कात्तिक ७ गतेसम्म लिइएको पहिलो चरणको कोरियन भाषा परीक्षाको नतिजा सोमबार सार्वजनिक भएको हो । भाषा परीक्षा उत्तीर्ण हुनेमा ३ हजार ९ सय १ पुरुष र १ सय ९७ जना महिला रहेको शाखाले जानकारी दिएको छ ।

३५ हजार ४ सय ७८ जनाले परीक्षाका लागि आवेदन दिएको भएपनि करिब ३ हजार अनुपस्थित हुँदा ३२ हजार ५ सय ७ जना भाषा परीक्षामा सहभागी पृष्ठ २ मा

## विदेश पठाउने भन्दै ठग्ने तीन जना पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिन्छु भन्दै रकम ठगी गर्ने विभिन्न व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिन्छु भन्दै १० लाख रुपैयाँ ठगेको उजुरीका आधारमा प्रहरीले रोल्पा गंगादेव गाउँपालिका-३ घर भइ काठमाडौं महानगरपालिका-२६ बस्ने ३९ वर्षीय निमराज डाँगीलाई पक्राउ गरेको छ । पृष्ठ २ मा

WE'RE HIRING
VACANCY ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
DOCUMENTATION - (2 Female)
ACCOUNTANT - (2 Female)
RECUREMENT MANAGER - (2 Female)
Should have experience in related field.
SALARY 25000-30000
SEND YOUR CV: admin@luluintl.com
01-4387319 | 01-4351637
Lulu International Pvt. Ltd.
Samakhushi-29, Kathmandu. Nepal
Mob.: 9851083549 || 9818065184
Govt. Lic. No. 1035/072/073

मध्यान्ह
www.madhyanhadaily.com

१२ मंसिर २०८०, मंगलबार
28 November 2023, Tuesday

# 'संसदीय समितिलाई प्रभावकारी र परिणाममुखी बनाउनुस्'

**काठमाडौं/मस–** सभामुख देवराज घिमिरेले संसदीय समितिका गतिविधि एवं क्रियाकलापलाई प्रभावकारी र परिणाममुखी तुल्याउन निर्देशन दिएका छन् ।

संघीय संसद् प्रतिनिधिसभा मातहतका १० विषयगत समितिका सभापतिसँगको बैठकमा उनले समिति बैठकमा देखिएको कोरमसम्बन्धी चुनौती र प्राप्त विधेयकको जिम्मेवारीलाई समयमै सम्बोधन गर्न सुझाव दिए ।

सभामुख घिमिरेले भने, 'विधेयकको कामलाई प्राथमिकता दिनुस्, निर्देशन किन कार्यान्वयन भएन समीक्षा गर्नुस्, समितिको कार्यक्षेत्रमा देखिएको दोहोरोपन अन्त्य गर्नुस् ।' उनले समितिमा रहेका एक दर्जन विधेयकलाई संसद्को आगामी अधिवेशनमा शुरु हुनासाथ पेस गर्न सकिने गरी तयारी गर्नसमेत निर्देशन दिए ।

उनले भने, 'आफ्नो कार्यक्षेत्र के हुन सक्छ पहिल्याऔं, देखिएका समस्या समाधान गर्न आपसमा समन्वय होस्, अन्योल र अप्ठ्यारो परेमा सभामुखसँग परामर्श गरौं, विधेयकको काम सक्ने गरी कार्यतालिका र योजना बनाऔं ।' उनले लिइएका नीतिगत निर्णय वा स्थलगत प्रतिवेदनले देखाएका विषयलाई मन्त्रालय र सम्बन्धित ठाउँमा किन भएन भन्नेमा पनि त्यतिकै ध्यान पुऱ्याउन सुझाव दिए ।



निर्देशनप्रतिको गम्भीरताको अभावलाई पूर्णता दिन मुख्य, प्रमुख र सचेतकमार्फत सम्बन्धित दलको ध्यान जान जरुरी रहेको बताउँदै सभामुख घिमिरेले समितिका निर्देशन र प्रतिवेदन कार्यान्वयनका लागि आफ्नो पूर्णसाथ सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

यसअघि बैठकमा सभामुख घिमिरेले संसदीय दलका प्रमुख सचेतक र सचेतकमार्फत संसदीय समितिका बैठक यथाशीघ्र आह्वान गर्न र कोरम पुऱ्याएर अघि बढ्न निर्देशन दिएको राज्यव्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाले बताए ।

सदनलाई बलियो र मर्यादित बनाउन सकिएन भने जनतामा संसद्प्रतिको आस्था र निष्ठा कमजोर भई व्यवस्था र नेतृत्वप्रति नै आघात पुग्नसक्नेतर्फ समयमै ध्यान पुऱ्याउन पर्नेतर्फ सभामुखले सबैको ध्यानाकर्षण गराएको उनले जानकारी दिए ।

समितिका कतिपय निर्देशन सरकारले आवश्यकरुपमा कार्यान्वयन नगरेको वा ती कानुनसम्मत थिए वा थिएनन् भन्ने दृष्टिकोणबाट पनि बैठकमा विस्तृतरुपमा छलफल भएको थियो । संसदीय समितिका निर्देशन सरकारले कार्यान्वयन गर्नैपर्छ भन्नेमा बैठकमा सबै जना सभापतिको एकमत देखिएको थियो ।

बैठकमा सबै सभापतिले आ-आफ्ना समितिमा भएका बैठक, निर्देशन, उपलब्धि र अन्य कार्यसम्पादनसम्बन्धी विषयमा जानकारी गराए । सो अवसरमा सभामुखले सरकारको सम्पत्ति र सेवामा रहेका व्यक्तिको विशिष्ट व्यक्तिको सुरक्षाका नाममा दुरुपयोग हुन नहुने तथा कतिपय त्यस्ता खटिएका सुरक्षाकर्मी फिर्ता गर्ने विषयलाई तदरुकताकासाथ कार्यान्वयनमा लैजानसमेत निर्देशन दिएका थिए ।

प्रतिनिधिसभा मातहत अर्थ, अन्तर ाष्ट्रिय सम्बन्ध र पर्यटन, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित, कानुन न्याय तथा मानवअधिकार, कृषि सहकारी तथा प्राकृतिक स्रोत, महिला तथा सामाजिक मामिला, राज्यव्यवस्था तथा सुशासन, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि र सार्वजनिक लेखा समिति छन् ।

# भूकम्प पीडितको आवास निर्माणमा लाग्न उपप्रधानमन्त्री खड्काको निर्देशन



**काठमाडौं/मस–** उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले भूकम्प प्रभावितका लागि तत्काल अस्थायी आवास निर्माणमा लाग्न सरोकारवालालाई निकायलाई निर्देशन दिएका छन् ।

अस्थायी आवास निर्माणका लागि सरकारले दिने पहिलो किस्तावापतको रकम प्रभावित नागरिकको हातसम्म पुगिसकेको बताउँदै उपप्रधानमन्त्री खड्काले भूकम्पका कारण भत्किएका संरचना पन्छाउने र तत्कालै अस्थायी आवास निर्माण अहिलेको आवश्यकता रहेकाले सोहीअनुसार काममा खटिन निर्देशन दिए ।

सोमबार सुर्खेतमा कर्णाली प्रदेश सरकारका मन्त्री र सुरक्षा अंगका प्रदेश प्रमुखसँगको छलफलमा उपप्रधानमन्त्री खड्काले भूकम्पपछिको पुनर्निर्माणपछिको कामका लागि स्रोतको कमि नरहेको बताए ।

उनले भूकम्पले पुऱ्याएको क्षतिको तथ्यांक आउने बित्तिकै पुनर्निर्माणको काम शुरू गरिने उल्लेख गरे । उनले भूकम्पमा क्षति भएका विद्यालय, स्वास्थ्य संस्था र अन्य सार्वजनिक संरचनाको अस्थायी र स्थायी संरचना संघ सरकारले निर्माण गर्ने गरेर तयारी भइरहेको जानकारी दिए । कार्यक्रममा प्रदेश सरकारका मन्त्री, सचिव, सुरक्षा अंगका प्रमुखलगायतको सहभागिता थियो ।

### रूकुम पश्चिममा मृतकका परिवारले पाए नगद

जाजरकोट भूकम्पमा परी मृत्यु भएका व्यक्तिका परिवारलाई राहतस्वरुप नगद वितरण गरिएको छ । कूल ४७ जना मृतक परिवारले यसअघि नै नगद प्राप्त गरे पनि कागजात मिलाउन बाँकी सात जना मृतकका परिवारले नगद प्राप्त गरेका हुन् । सानीभेरी गाउँपालिकाका-६ का १० मृतक परिवारलाई १६ लाख, आठबीसकोट नगरपालिकाका ३७ मृतकका परिवारलाई ६१ लाख, चौरजहारी नगरपालिकामा एक मृतकका परिवारलाई दुई लाख, रोल्पा र बर्दियाका एक/एक जना मृतक परिवारलाई चार लाख गरी कूल रु.८३ लाख नगद वितरण गरिएको जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तले बताए । उनका अनुसार जिल्लामा ५० जना मृतकका परिवारका सदस्यलाई नगद राहत उपलब्ध गराइएको हो । आठबीसकोटमा मृत्यु भएका सल्यानका तीन जनालाई भने जिल्ला प्रशासन कार्यालय सल्यानले नगद उपलब्ध गराएको प्रमुख जिल्ला अधिकारी पन्तले जानकारी दिए ।

संघीय सरकारबाट प्राप्त राहत मृतकका परिवारलाई वितरण गरिएको हो । सरकारले प्रत्येक मृतक घरपरिवारलाई दुई लाखका दरले नगद राहत रकम दिइएको हो । एउटै घरमा एकजना भन्दा बढी मृत्यु भएको अवस्थामा दुई लाखमा थप एक लाख रुपैयाँ बढाएर नगद उपलब्ध गराइएको सहायक प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवालले जानकारी दिए । संघीय सरकारले मृतक परिवारलाई नगद राहत वितरणको लागि जिल्ला विपद व्यवस्थापन कोषमा पाँच करोड रकम पठाएको थियो । जसमा ८३ लाख रुपैयाँ नगद राहत विरण गरिएको छ । बाँकी रकम भूकम्पपीडितका लागि अस्थायी आवास तथा पुनःस्थापनामा खर्च गरिनेछ । रुकुम पश्चिममा गत कात्तिक १७ गते राति गएको भूकम्पमा परी ५३ जनाको मृत्यु भएको थियो । त्यसमा पाँच जना जिल्ला बाहिरका रहेका थिए ।

# पार्टीको रणनीति बनाउँदै रास्वपा



**जनकपुरधाम/मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) केन्द्रीय कार्यसमिति र संसदीय दलको संयुक्त बैठक सोमबारबाट शुरु भएको छ । बैठक तीन दिनसम्म चल्नेछ ।

महोत्तरीको जलेश्वरमा सभापति रवि लामिछानेको अध्यक्षतामा शुरु भएको बैठकमा केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग र प्रदेश सभापतिकोसमेत सहभागिता रहेको छ । बैठकमा राजनीतिक, सांगठनिक, आर्थिक, अनुशासनसम्बन्धी प्रतिवेदन प्रस्तुत हुनुका साथै सांसद र संसदीय कार्यको समीक्षा, पार्टीको समग्र रणनीति र महाधिवेशनलगायत विषयमा छलफल हुने पार्टी महामन्त्री एवम् प्रवक्ता डा.मुकुल ढकालले जानकारी दिए ।

# जाजरकोट भूकम्प : चिसोबाट सुत्केरीको मृत्यु



**जाजरकोट/मस–** भूकम्पले घरमा क्षति पुऱ्याएपछि त्रिपालमुनि बस्दै आएकी नलगाड नगरपालिका-८ तल्लोसिमाकी २५ वर्षीया शर्मिला चदाराको चिसोबाट मृत्यु भएको छ । उनी सुत्केरी भएको करिब महिना हुन लागेको जनाइएको छ । स्थानीय टेकबहादुर नेपालीले चदाराको आइतबार राति चिसोबाट मृत्यु भएको जानकारी दिए ।

नलगाड -८ का वडाध्यक्ष तेजबहादुर सिंहले भने, 'घर बाहिर त्रिपालमुनि बस्दै आएकी चदाराको चिसोबाट मृत्यु भएको खबर आएको छ ।' चदाराले छोरीको जन्म दिएकी थिइन् । गत कात्तिक १७ गते राति जाजरकोटको रामीडाँडा केन्द्रविन्दु बनाएर ६ दशमलव ४ म्याग्निच्युटको भूकम्प जाँदा एक सय ५४ जनाको मृत्यु भएको छ भने तीन सय ४६ घाइते भएका थिए । भूकम्पबाट २६ हजार पाँच सय ५७ निजी घर पूर्णरुपमा तथा ३५ हजार चार सय ५५ घरमा आंशिक क्षति भएको जनाइएको छ ।

# प्रदेशसभाका विषयगत समिति नेतृत्वविहीन

**सुदूरपश्चिम/मस–** सुदूरपश्चिम प्रदेशसभा अन्तर्गतका समिति सभापति छनोट हुन नसक्दा प्रदेश सरकारका काम कारबाहीको नियमन र निगरानी हुन सकेको छैन ।




नेतृत्वको अभावमा समितिका आफ्ना आन्तरिक कामकारबाही पनि ठप्प छन् । प्रदेशसभामा रहेका चारवटा विषयगत समितिका पदाधिकारी सदस्य चयन गरिए पनि समितिका सभापति अहिलेसम्म चयन हुन सकेको छैन ।

प्रदेशसभा सचिवालयका सूचना अधिकारी युवराज जैसीले समितिको नेतृत्व नहुँदा समितिको कामकारबाही ठप्प भएको र संसदीय निगरानीसमेत रोकिएको बताए ।

प्रदेशसभालाई प्रदेश तहमा जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्त्वपूर्ण संस्थाका रुपमा हेरिन्छ । दोस्रो कार्यकालको सुदूरपश्चिम प्रदेशसभाले काम गरेको आउने पुस महिनामा एक वर्ष पुग्दैछ ।

सत्तापक्ष नेपाली कांग्रेसका प्रदेशसभा सदस्य दिवानसिंह विष्ट सरकारकै कमीकमजोरीका कारण समितिका सभापति चयन हुन नसकिरहेको बताए ।

सत्ता गठबन्धनका दलहरुबीच नै पदको भागबन्डामा सहमति नजुट्दा सभापति चयन हुन नसकेको बताइएको छ ।

समितिको नेतृत्वको अभावमा समितिका कामकारबाही प्रभावकारी ढङ्गले अघि बढ्न नसकिरहेको र सरकारलाई पनि जवाफदेही बनाउन नसकिएको सत्तापक्ष नेकपा (माओवादी केन्द्र) का प्रदेशसभा सदस्य शिवसिंह ओली बताउँछन् ।

केन्द्रमा गठबन्धन दलका शीर्षनेताबीच भएको समझदारीबमोजिम सुदूरपश्चिम प्रदेशसभामा रहेका चारवटा विषयगत समितिको संख्या बढाएर छ बनाउने गृहकार्य भइरहँदा समिति सभापतिको चयन गर्नमा पनि ढिलाइ भएको बताइएको छ । गएको असोज १२ गते समितिका सभापति छनोट गर्न प्रकाशन भएको निर्वाचन कार्यतालिका अन्तिममा स्थगित गरिएको थियो ।

प्रदेशसभामा हाल विधायन तथा प्रदेश मामिला समिति, अर्थ विकास तथा प्राकृतिक स्रोत समिति, सामाजिक विकास समिति र सार्वजनिक लेखा समितिसमेत चार विषयगत समिति छन् ।

प्राकृतिक स्रोत, वातावरण तथा समन्वय समिति र कृषि गरिबी निवारण तथा भूमि व्यवस्थापन समिति थप गर्ने तयारी भइरहेको जनाइएको छ । कांग्रेस संसदीय दलका नेता कमलबहादुर शाहले प्रदेश सरकारको नेतृत्व गरेका छन् ।

---

## आरजुले...

स्रोत, जलस्रोत प्रमुख हो नेपालका लागि । यो नभइ कृषि हुँदैन । यसलाई अलग/अलग नहेरी एकीकृत रुपमा हेर्नुपर्छ' उनको भनाइ छ ।

संसदीय विषयगत समितिको क्षेत्राधिकारको विषय प्रतिनिधिसभा नियमावलीमा व्यवस्थित गरिएको हुन्छ । यसमा संशोधन गर्न राजनीतिक दलहरु नै तयार हुनुपर्छ । तर नियमावली संशोधनका लागि सभामुख देवराज घिमिरेलाई दवाब दिने नीति कृषि समितिले अख्तियार गरेको छ ।

## आचार्य...

थिए । विवादास्पद धर्मगुरु आचार्य श्रीनिवासले पटकपटक धर्मको विषयमा उत्तेजक अभिव्यक्ति दिँदै आएका व्यक्ति हुन् ।

उनले १२ असोजमा जनकपुरमा आयोजित धार्मिक सभामा खुकुरी देखाउँदै उत्तेजक भाषण गरेका थिए । त्यसबेला पनि उनी पक्राउ परेका थिए । श्रीनिवासले २५ चैत २०७४ मा धार्मिक हिंसा भड्काउने उद्देश्यसहित आफैंलाई गोली हान्न लगाएका समेत थिए । नि श्रीनिवास धार्मिक हिंसा भड्काउन कतिसम्म गर्छन् भन्ने २५ चैत २०७४ को घटनाले देखाउँछ । त्यो बेला उनले आफैंलाई गोली हान्न लगाएका थिए । जिल्ला प्रहरी कार्यालय, मोरङमा त्यसबेला खटिएका एक अधिकृतका अनुसार, त्यसदिन आफूलाई युवा सन्त बताउने श्रीनिवास आचार्य बिहान २ बजे शौचालय निस्किएका थिए । त्यही क्रममा उनले आफैंलाई गोली हान्न लगाएका थिए ।

उग्र बन्दै गएका प्रसाईं नेतृत्वको आन्दोलनमा समर्थकले साथ छोड्न थालेपछि धर्मगुरु आचार्य श्रीनिवास पनि आएका हुन् । तर, उनी पक्राउ परेपछि आन्दोलन मथ्थर भएको छ । श्रीनिवासका सन्दर्भमा भने सरकारले पटक पटक पक्राउ पर्ने र अराजक गतिविधि नगर्ने प्रतिवद्धतामा अडिग नभएको भनेर अनुसन्धान थप अगाडि बढाउने तयारी गरेको छ ।

राजवादीहरु आन्दोलनमा उत्रिएका बेला नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले भने राजतन्त्र फर्कन नसक्ने बताएका छन् । नवलपुरको जिल्ला सम्मेलनमा जाने क्रममा भरतपुरमा पत्रकारसँग बोल्दै सभापति देउवाले गणतन्त्रमा संकट नरहेको बताए । राजावादीको प्रदर्शन बारे पत्रकारले सोधेको प्रश्नमा देउवाले भने,'अरु कुरा मलाई थाहा छैन ।

## योगदानकर्ताका...

दाहालले सम्पूर्ण नेपाली नागरिकको कोखदेखि शोकसम्मको सामाजिक सुरक्षा प्रदायक संस्थाका रुपमा समाजिक सुरक्षा कोषलाई विकास गराउन तथा सामाजिक सुरक्षा कार्यक्रमलाई सबै नागरिकसम्म पुऱ्याउन नेपाल सरकारबाट गर्नुपर्ने समन्वय तथा सहयोगमा कुनै कमी नहुने बताए ।

संघीय लोकतान्त्रिक गणतन्त्रको मर्मअनुरुप सामाजिक सुरक्षालाई संघ वा प्रदेशको मात्र नभइ स्थानीय तहको समेत दायित्वका रुपमा लिँदै स्थानीय तहमा रहेका अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सक्ने गरी कानूनी आधार तयार पारिएको प्रधानमन्त्री दाहालको भनाइ छ । सो कार्यक्रम प्रभावकारी बनाउने कार्यमा सशक्त भूमिका खेल्न स्थानीय तहलाई आग्रह गरे ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले सरकारी क्षेत्रमा रहेका अस्थायी, ज्यालादारी, करारका कर्मचारीलाई पनि सामाजिक सुरक्षा योजनामा समेट्ने प्रक्रिया अन्तिम चरणमा रहेको जानकारी दिए । सामाजिक सुरक्षा योजनामा कुनै कमीकमजोरी रहे सरोकारवालासँगको परामर्शमा परिमार्जन गर्न सकिने उल्लेख गर्दै कोषमा जम्मा रकमलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने बारे छलफल भइरहेको बताए ।

श्रम मन्त्रालयका निमित्त सचिव डण्डुराज घिमिरेले दक्षिण एसिया क्षेत्रमा नेपाल समाजिक सुरक्षा योजना कार्यान्वयन गर्ने मुलुकको श्रेणीमा अग्रस्थानमा रहेको बताए । औपचारिक, अनौपरिचारिक, स्वरोजगार र वैदेशिक क्षेत्रका सम्पूर्ण श्रमिकलाई सामाजिक सुरक्षामा सहभागी गराउन सरकार क्रियाशील रहेको उनको भनाइ छ ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)का अध्यक्ष बिनोद श्रेष्ठले श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गराउन रोजगारदाताले कन्जुस्याइँ गरेको आरोप लगाए । उनले सामाजिक सुरक्षालाई प्रभावकार ीरुमपा कार्यान्वयन गर्न सरकारको भूमिका कमजोर देखिएको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले कोषमा जम्मा रकम रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा ठूला पूर्वाधारमा लगानी गर्न आग्रह गरे । नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले पछिल्ला केही वर्षदेखि रोजगारदाता र श्रमिकको सम्बन्ध सुमधुर बन्दै गइरहेको उल्लेख गर्दै दुई पक्षको हार्दिकतालाई निरन्तरता दिइनुपर्ने बताए ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले विभिन्न क्षेत्रका श्रमिकलाई योजनामा सहभागी गराउन रोजगारदाता र श्रमिकलाई प्रोत्साहन गर्नुपर्ने बताए । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)का नेपाल निर्देशक नुमान ओक्यानले सामाजिक सुरक्षा श्रमिकको अधिकार भएको जनाउँदै सामाजिक सुरक्षाले श्रमिकको जीवनमा आइपर्ने जोखिम न्यूनीकरणमा ठूलो सहयोग गर्ने बताए ।

सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले बढीभन्दा बढी श्रमिकलाई कोषमा आवद्ध गराउन र श्रमिकलाई विभिन्न सुविधा उपलब्ध गराउन कोष क्रियाशील रहेको उल्लेख गरे । सो अवसरमा प्रधानमन्त्री दाहालले कोषमा धेरै श्रमिक सूचीकृत गराउने रोजगारादाता, सेवा प्रवाह गर्ने संघ संस्थालगायतलाई सम्मान गरे ।

## कोरियन...

भएका थिए । दक्षिण कोरियाले पहिलो पटक पानीजहाज निर्माण कम्पनीका लागि ठूलो संख्यामा नेपाली कामदार लैजान लागेको हो । पहिलो चरणको कोरियन भाषा परीक्षा पास भएका परीक्षार्थीहरुको दोस्रो चरणको स्किल टेस्ट तथा कम्पिटेन्सी टेस्टको परीक्षा हुने शाखाले जनाएको छ ।

यसैबीच वैदेशिक रोजगार विभागले बेलायतका लागि छनोट भएका ७१ जना नर्सको प्रारम्भिक सूची सार्वजनिक गरेको छ । नेपाली नर्सलाई रोजगारीका लागि बेलायतमा लैजान गत भदौमा दुई देशबीच सम्झौता भएको थियो । त्यसपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नेपाली नर्सलाई रोजगारीका लागि बेलायत पठाउने प्रक्रिया शुरु गरेको थियो ।

नेपाल र बेलायतबीच सम्पन्न द्विपक्षीय श्रम सम्झौताअनुसार श्रम मन्त्रालयले पहिलो चरणमा एक सय जना नर्सिङ स्टाफ बेलायत पठाउन दरखास्त आह्वान गरेको हो । कात्तिक २ गतेसम्म नेपाली नर्सले मन्त्रालयले तयार गरेको पोर्टलमा आवेदन दिएका थिए ।

परीक्षामा सहभागी हुन आईईएलटीएसमा न्यूनतम ७ अंक, कम्तीमा ३ वर्षको नर्सिङ कोर्स पीसीएल नर्सिङ वा बीएन सरहको शैक्षिक योग्यता हासिल गरी कम्तीमा २ वर्षको अनुभव तोकिएको थियो । छनोट भएकाहरुको ब्रिटिश काउन्सिलमा रोजगारदाताले अन्तर्वार्तामार्फत छनोट गर्नेछन् । तोकिएको मापदण्ड उच्चस्तरीय भएको र त्यसअनुसारका नर्सिङ जनशक्तिको नेपालमा कमी रहेको बताइएको छ । प्रारम्भिक सूचीमा छनोट भइ जानेहरुले बेलायतको नर्सिङ काउन्सिलको परीक्षा पनि दिनुपर्नेछ ।

छनोट हुने नर्सले शुरुवातमा मासिक करिब ४ लाख रुपैयाँ र बेलायतमा रजिस्ट्रर नर्समा दर्ता भइसकेपछि मासिक करिब ५ लाख तलब पाउनेछन् । करार अवधि ५ वर्ष हुनेछ ।

## विदेश...

उनले जोनसन श्रेष्ठलाई पोर्चुगल पठाइदिन्छु भन्दै १० लाख रुपैयाँ ठगी गरेको वैदेशिक रोजगार विभागमा उजुरी परेको थियो । सोही उजुरीको आधारमा डाँगीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

यसअघि प्रहरीले सागर लामिछानेलगायतका व्यक्तिलाई वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिने र प्रतिव्यक्ति १५ लाख रुपैयाँ लाग्छ भनेर सात लाख पाँच हजार रुपैयाँ लिइ सम्पर्कविहीन भएका बुद्ध पञ्चकोटीलाई पक्राउ गरेको थियो ।

उता जमाल अहमद फकिरलाई साउदी अरब पठाइदिन्छु भन्दै ठगी गरेको उजुरीका आधारमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) प्रतापपुर गाउँपालिका वडा नं. ७ घर भइ हाल काठमाडौंको सिनामंगल बस्ने ५८ वर्षीय इब्राहिम मियालाई पनि प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेका सबैलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।



## साउदीमा रोजगार

कम्पनी : LARSEN & TOUBRO SAUDI ARABIA LLC.CO
शहरः Riyadh

पूर्व स्वीकृत मितिः २०७९/०७/१४ चलानी नं.: ६०१९०१४४ LT. No.: 274600 पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | न्यूनतम योग्यता | मासिक तलब (SR) | मासिक तलब (ने. रू.) | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Cook | 1 | 0 | | 1500 | ५३,२२५ | | | | | | | |
| 3. | General Driver | 5 | 0 | | 1600 | ५६,७८४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १९ गते (5 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Sufi International Services Pvt. Ltd.
Gov. Lic. No. 796/065/066
Sinamangal-9, Manpower Bazaar, Kathmandu, Nepal, Tel No.: +977-1-4469691, 4469692
E-mail: sufiintlpvt@gmail.com

# ‘सुकुम्बासी समस्या तत्काल समाधान हुन्छ’

**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले केही दिनभित्रै सुकुम्बासी समस्या समाधान गर्नेगरी सरकारले आवश्यक तयारी गरिरहेको बताएका छन् ।

स्वबासी, सुकुम्वासी तथा जग्गाविहीनलाई सहज रुपमा जग्गा उपलब्ध गराउने विषयमा आवश्यक निर्णय गरिने प्रधानमन्त्रीले बताए । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आज नेकपा (माओवादी केन्द्र) को बेवसाइट सार्वजनिक गर्दै प्रधामन्त्री दाहालले एक हप्ताभित्र सुकुम्वासी समस्या हल हुने दाबी गरे । उनले सुकुम्वासी समस्या समाधानका लागि मन्त्रिपरिषद्ले ऐन संशोधन गर्ने निर्णय गरेको जानकारी दिए ।

‘सुकुम्वासी, अव्यवस्थित बसोबासको समस्या हल गर्न ऐन नै संशोधन गरिन्छ । वन ऐन, २०२९ ले विकास नै रोकिने अवस्था छ । मान्छे मरे पनि रुख काट्न नपाइने अवस्था छ’, प्रधानमन्त्रीले भने । एउटा विद्यालयमा घटेको घटना सुनाउँदै प्रधानमन्त्रीले भने, ‘एउटा विद्यालयमा रुख ढलेर एक विद्यार्थीको मृत्यु भएछ । त्यो रुख वनमा परेकाले काट्न पाएका रहेनछन् । कस्ता खालका कानुन रहेछ । विकास, जनतनाभन्दा पनि अन्य कुनै कुरालाई महत्व दिने छन्, त्यसलाई संशोधन गर्ने भनेर हिजो निर्णय गरेका छौं ।’

सो ऐनको संशोधनपछि विकास निर्माण र लालपूर्जा वितरण गर्ने काम अगाडि बढ्ने प्रधानमन्त्रीको भनाइ छ । माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री प्रचण्डले सूचना प्रविधिको सही प्रयोग गरेर मात्रै पार्टीलाई जनताका माझ थप लोकप्रिय बनाउन सकिने बताए । उनले गत केन्द्रीय समितिको बैठकले पार्टीको आइसीटी फोरम गठन गर्ने निर्णय गरेको र सोहीअनुसार काम अगाडि बढेको उल्लेख गरे ।

सरकारका तर्फबाट देश र जनताको पक्षमा राम्रो गर्ने



इमान्दार प्रयास भएको जानकारी दिँदै प्रधानमन्त्रीले मिटरब्याजीको समस्या समाधान गर्न गरिएको प्रयासका अलावा, सामाजिक न्याय, सामाजिक सुरक्षा, भूमाफियालाई कारबाही, नक्कली भूटानी शरणार्थी प्रकरण, तस्करी नियन्त्रणमा गरिएको प्रयास उल्लेखनीय रहेको बताए । नेपालको राष्ट्रिय पहिचानलाई सुदृढ गर्न सरकार गम्भीर रुपमा लागेको उल्लेख गर्दै प्रधानमन्त्रीले भारत, चीन, अमेरिका, इटालीलगायतको भ्रमण सहयोगी बनेको स्पष्ट पारे । फरक प्रसङ्गमा प्रधानमन्त्री दाहालले जलवायु परिवर्तनका कारण नेपाल डरलाग्दो स्थितिमा पुगेकाले अन्तर्राट्रिय समुदायको ध्यानाकर्षण गराइएको र संयुक्त राष्ट्रसङ्घले नेपालको भ्रमण गरेको उल्लेख गरे । विकसित राष्ट्रले नेपाललगायत देशलाई उपलब्ध गराउने भनेर यसअघि जनाएको प्रतिबद्धता व्यवहारमा कार्यान्वयन नभएकाले यस पटकको कोप-२८ मा त्यसबारेमा गम्भीर ध्यानाकर्षण गराइने प्रधानमन्त्रीको भनाइ छ ।

प्रधानमन्त्रीले सरकारले बुढीगण्डकी, कर्णाली चिसापानीलगायत ठूला आयोजनाको काम अगाडि बढाएको सो अवसरमा जानकारी दिए । बुढीगण्डकी आयोजनाका लागि मात्रै पूर्वाधार करमार्फत उठ्ने रकम जम्मा गर्ने व्यवस्था गरिएको प्रधानमन्त्रीको भनाइ छ । कर्णाली चिसापानी आयोजनाको अध्ययन अगाडि बढाउने निर्णय भएको उनले जानकारी दिए ।

तीन वटा क्रिकेट रङ्गशालालाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा अगाडि बढाइएको प्रधानमन्त्रीको कथन छ । सरकारले जटिलताकाबीचमा पनि विकास निर्माणको कामलाई गति दिने प्रयास गरिएको उनले जानकारी दिए । नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत्को मान्यता दिइएको भए पनि कार्यान्वयनमा आउन नसकेको सन्दर्भमा मन्त्रिपरिषद्बाट कार्यान्वयनमा लगिएको जानकारी दिँदै प्रधानमन्त्रीले त्यसबाट काठमाडौं उपत्यकाका नेवार समुदायका अगुवाले सरकारलाई धन्यवाद दिएको बताए ।

प्रज्ञा भवनमा कार्याक्रमकको आयोजना गरेर प्रधानमन्त्रीलाई अभिनन्दन गर्ने विषय आफैँमा महत्वपूर्ण रहेको प्रधानमन्त्रीले उल्लेख गरे । सोही अवसरमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले प्रविधिलाई सदुपयोग गरेर मुलुकलाई समृद्धिको दिशामा अगाडि लैजाने बताइन् । सामाजिक सद्भाव खल्बलिने अवस्था आएकाले सरकारले सामाजिक सञ्जाल निर्देशिका जारी गरेर कार्यान्वयन गरिएको उनले स्पष्ट पारिन् ।

# बबरमहलमा यात्रुले बटन थिचेर ट्राफिक लाइट बाल्न सक्ने

**काठमाडौं/मस–** काठमाडौंको बबरमहलमा पैदलयात्रु आफैँले बटन थिचेर बत्ती बलेपछि बाटो काट्न सकिने ट्राफिक लाइट प्रविधि सोमबारदेखि सञ्चालनमा आएको छ । जिल्ला अदालत अगाडिको सडकमा रु. १० लाखको लागतमा काठमाडौं महानगरपालिकाले उक्त ट्राफिक लाइट प्रविधि जडान गरेको हो । पैदलयात्रु आफैँले बटन थिचेर ट्राफिक लाइट बाल्ने र बाटो काट्न सकिने ‘पेलिकन क्रसिङ’ भनिने यस प्रकारको ट्राफिक लाइट



सोमबारदेखि सञ्चालनमा ल्याइएको काठमाडौं महानगरपालिका ट्राफिक विज्ञ जगत्मान श्रेष्ठले जानकारी दिए । उनका अनुसार यो लाइट थिच्दा सवारीसाधन आइरहेको साइडमा रातो र जेब्राक्रसपट्टि हरियो बत्ती बल्छ । एकपटक बटन थिचेपछि ३० सेकेन्डसम्म बत्ती बल्ने र उक्त समय सकिएको दुई मिनेटसम्म पुनःबटन थिच्दा बत्ती नबल्ने सिस्टम सेट गरिएको श्रेष्ठले बताए । उनका अनुसार रातो बत्ती बलेपछि सवार ीसाधन रोकिन्छन् र यात्रुले बाटो काट्ने छन् । काठमाडौं महानगरपालिकाले बबरमहलमा रहेको जेब्राक्रसको छेउको खम्बामा बटन राखेर ‘पोलिकन क्रसिङ लाइट’ जडान गरेको छ । यस्तो लाइट यसअघि कालीमाटी चोक, सुन्धारा, भृकुटीमण्डप, सर्वोच्च अदालत र त्रिचन्द्र क्याम्पस अगाडि पनि जडान गरिएकामा मर्मतसम्भार नगरिँदा दिगो हुन नसकेको महानगर कार्यालयले जनाएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१२**

**दाजु भाई इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.** को मिति २०८०/०३/२२ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **दिक्षान्त ईन्जिनीयरिङ्ग सोलुसन प्रा.लि. (प्रा.लि. नं.: २७९६८२)** कायम गर्ने गरी मिति २०८०/०८/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०५/२३ मा दर्ता कायम भएका **दिपक सव मनि ट्रान्सफर प्रा.लि. (प्रा.लि.नं. १५५३८१)** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०८/११ गतेमा सम्पन्न संचालक समितिको निर्णय बमोजिम यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरका कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

## भावपूर्ण श्रद्धाञ्जली



**जन्म मितिः २०२५ मंसिर १२ गते**

**स्वर्गारोहण मितिः २०८० मंसिर ७ गते**

**स्व. गोबिन्द प्रसाद सिम्खडा**

**यस नाईस ओभरसिज प्रा.ली.का कर्मचारी श्री सिता सिम्खडाको पुज्य पिता गोबिन्द प्रसाद सिम्खडाको उपचारको क्रममा निधन भएकोले म लगायत सिंगो नाईस ओभरसिज परिवार मर्माहित भएका छौं । साथै यस दुःखद् घडीमा नाईस ओभरसिज प्रा.ली को तर्फबाट बहिनी सिता र सम्पूर्ण शोक सन्तप्त सिम्खडा परिवारप्रति गहिरो समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं ।**

**कृष्णबहादुर बिष्ट**
**अध्यक्ष**
तथा
**सम्पूर्ण नाईस ओभर्सिज प्रा.ली. परिवार**

## होटेल शेर्पा लिमिटेडको
## विशेष साधारण सभाको सूचना

**प्रकाशित मितिः २०८०/०८/१२**

होटेल शेर्पा लिमिटेडको संचालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको बिशेष सधारण सभा देहायको मिति, समय स्थानमा देहायका विषयहरु उपर छलफल गर्ने भएकोले उक्तमिति, समय र स्थानमा उपस्थित भई दिनुहुन सम्पूर्ण शेयरधनीमहानुभावलाई सूचित गरिन्छ ।

**मिति** : २०८० साल मंसिर २७ गते मंगलबार
**समय** : दिनको १.०० वजे
**स्थान** :- कम्पनीको रजिष्टर्ड कार्यालय, दरवारमार्ग,काठमाण्डौ
**छलफलका विषयहरू** : -
**(क) बिशेष प्रस्ताब** :
(१) कम्पनीको प्रबन्ध-पत्र तथा नियमावलीको ढाँचालाई कम्पनी ऐन २०६३ अनुसारको ढाँचामा परिबर्तन तथा संशोधन गर्ने सम्वन्धमा ।
(२) कम्पनीको उदेश्य संशोधन थप गर्ने सम्बन्धमा ।
३) आर्थिक बर्ष २०७९/०८० लेखा परिक्षक नियुक्ती
**(ख) विविध** :

**आज्ञाले**
**संचालक अध्यक्ष**

# उपरथी सिलवालसहित चार जनालाई दर्ज्यानी चिह्न



**काठमाडौं/मस–** प्रधानसेनापति प्रभुराम शर्माले सहायक रथी नारायण सिलवाललाई उपरथीको दर्ज्यानी चिह्न प्रदान गरेका छन् ।

सैनिक मुख्यालय जंगी अड्डामा आयोजित कार्यक्रममा उपरथी दर्जामा विशेष पदोन्नति भएका सिलवाललाई दर्ज्यानी चिह्न प्रदान गरिएको सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको छ । यसअघि सिलवालले द्रुतमार्ग निर्माण अनुगमन समिति अध्यक्ष र सैनिक प्रवक्ताका रुपमा समेत काम गरेको अनुभव सम्हालेका छन् ।

प्रधानसेनापतिले सो अवसरमा महासेनानी दर्जामा पदोन्नति भएका तीनजना प्रमुख सेनानीलाई पनि महासेनानी दर्जाको दज्यानी चिह्न प्रदान गरे ।

## मोटरसाईकल हरायो

मिति २०८०/०७/१६ गते १५:०० बजेको समयमा टोखा-८, सुन्दरबस्ति टोलमा पार्किङ्ग गरि राखेको बागमती प्रदेश ०२-०३७ प ५०४३ न. को कालो/रातो रङको Pulsar 220cc को मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी** : **सन्जय लगुन**
**ईन्जिन नं.** : DKXCNL 36722
**च्यासिस नं.** : MD2A13EX7NCL 82343
**सम्पर्क नं.** : **९८६५२९८७८७**

## Invitation for Bids

**Triveni Municipality**
**Office Of Municipal Executive**
**Toli, Bajura**

**Invitation for Bids No: TM/NCB/WORKS/04/2080-81**

**Date of publication: 2080/08/12**

1. Triveni Municipality Toli, Bajura invites sealed bids or electronic bids from Nepalese eligible bidders for the simla sahari birthing center construction under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. **50000** without VATcontingencies.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Triveni Municipality Office Of Municipal Executive , Toli Bajura*** or may visit PPMO website www.bolpatra.gov.np/egp.

3. A complete set of Bidding Documents may be purchased from the office *Triveni Municipality* and the office ***Triveni Municipality Toli, Bajura*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***3000.0/-*** till ***2080/09/12*** during office hours.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Nepal Bank Limited Toli Branch Bajura

   Name of Office: Triveni Municipality Office Of Municipal Executive Toli, Bajura

   Office Code no. :……………..

   Office Account no.: 26803000004001000001

4. Sealed or electronic bids must be submitted to the office ***Triveni Municipality*** through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00***on ***2080/09/12*** Bids received after this deadline will be rejected.

5. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at ***13 :00 2080/09/12*** at the office of ***Triveni Municipality***. Bids must be valid for a period of ***120 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***125000/-***, which shall be valid for 30 days beyond the validity period of the bid .

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

## कुवेतमा रोजगारको अवसर | कम्पनीः THE NOOK RESTAURANT शहरः Kuwait

**पूर्व स्वीकृत मितिः २०८०/०३/११** **चलानी नं.: ६०२०३८८३** **LT. No.: 288625** **पुनः विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 0 | 2 | स. काममा दक्ष | 135 | ५८,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता : मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १९ गते (5 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
**LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.**
**( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)**
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu, E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/१२/१४ मा दर्ता भएको **प्रा.लि. नं. २८७७३६** को **एजे ट्राभल्स् प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/०६/०५ मा दर्ता भएको **प्रा.लि. नं. २४२४६६** को **टेक्नोलोजी क्याप्सुल प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



मध्यान्ह
www.madhyanhadaily.com

१२ मंसिर २०८०, मंगलबार
28 November 2023, Tuesday

## सम्पादकीय

# कोपमा प्रधानमन्त्रीको परीक्षा

बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको २८औं सम्मेलन (कोप–२८) मा सहभागी हुन संयुक्त अरब इमिरेट्स (यूएई) जाँदैछन् । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले समेत नेपाल आएर नेपालले जलवायु परिवर्तनसँग सम्बन्धित रहेर गरेको अनुभव समेतका आधारमा अन्तर्राष्ट्रिय स्तरमा आवाज उठाउने बताएका थिए । त्यसपछि सरकारले पनि कोपमा उठाउने विषयहरूलाई प्राथमिकीकरण गरेको छ र आफ्ना एजेण्डाहरू दह्रोसित उठाउने सार्वजनिक प्रतिबद्धता व्यक्त गरेको छ । प्रधानमन्त्री प्रचण्डका अनुसार उनी यसपटक नेपालको तर्फबाट कोप–२८ मा सहयोगको याचना गर्दै छैनन् । सम्मेलनकै नेतृत्व गर्दै अधिकार स्थापित गर्ने उनको सार्वजनिक प्रतिबद्धता छ । उनको प्रतिबद्धताको कार्यान्वयन हेर्न आगामी मंसिर १४ गतेदेखि २६ गतेसम्म हुने सम्मेलन कुर्नुपर्ने हुन्छ । जलवायु परिवर्तनबाट नेपालमा परेको असरका बारेमा स्पष्टसँग कुरा राख्ने प्रधानमन्त्रीको प्रतिबद्धता सोहीरूपमा प्रस्तुत भए नेपालले अपेक्षित लाभ उठाउन सक्छ वा त्यस अनुसारको वातावरण तयार गर्न सक्छ । सम्मेलनमा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि सहयोगभन्दा पनि अधिकारका विषयलाई प्राथमिकता दिने प्रधानमन्त्रीको बाचाअनुसार अन्य मुलुकबाट प्रतिबद्धताहरू आउन सक्छन् । नेपालको प्रस्तुतिबाट प्रभावित भएपछि अन्य मुलुकहरूले गर्ने रेसपोन्स पनि फरक हुनेछ जो सार्वजनिक रूपमै देखिनेछ ।

नेपालले कार्बन उत्सर्जनमा कुनै योगदान गरेको छैन । तर हामीले गर्दै नगरेको कामको मूल्य चुकाउन परेको छ । जसले कार्बन उत्सर्जनमा कमजोरी गरेको छ उसले हाम्रो अधिकारका रूपमा जलवायु कोषमार्फत क्षतिपूर्ति दिनुपर्छ । तर ठूला र शक्तिशाली देशहरू प्रतिबद्धताबाट समेत पछि हटिरहेका छन्, कारण कोपमा नेपाल जस्ता देशले विगतमा सहयोगको याचना गर्दथे । यो विषय सहयोगको याचना गर्ने विषय होइन, हामीलाई हाम्रो अधिकार चाहियो भन्ने र दाबी गर्ने विषय हो । यसलाई बुझेको रूपमा सरकार नेपालमा प्रस्तुत भएको छ । राष्ट्रिय अनुकूलन योजनाको विस्तृत रूप र कोप–२८ को एजेण्डामा छलफल केन्द्रित गरेको छ । नेपालले कोप–२८ मा उठाउने विषय र प्राथमिकताका सम्बन्धमा सरोकारवालाहरूको पनि राय लिइएको छ । कोपको उच्चस्तरीय सत्रलाई प्रधानमन्त्री प्रचण्डले यही मंसिर १६ गते सम्बोधन गर्ने कार्यक्रम छ ।

अर्थात, प्रचण्डका लागि नेपालभित्र अनुकूल वातावरण र सहयोग मिलेको छ । अन्तर्राष्ट्रिय स्तरमा पनि संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमण र त्यसक्रममा उनले दिएको अभिव्यक्तिले अनुकूल वातावरण सिर्जना गरिदिएको छ । यस्तो अनुकूल वातावरण सायदै ले पाउँछन् । संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसले खुम्बु क्षेत्रमा गरेको भ्रमण र उनको अभिव्यक्तिले विश्वको ध्यानाकर्षण भएको सन्दर्भले पनि प्रचण्ड यसपटक कोपमा परीक्षा दिन जाँदैछन् । यो बेला प्रचण्डले जलवायु परिवर्तनका कारण नेपाललगायतका हिमालयन देशमा परेको समस्यालाई विश्वव्यापीकरणका लागि कति महत्वपूर्ण योगदान गर्न सक्छन् त्यस आधारमा आगामी यात्रा निर्धारित हुन्छ । यसकारण यो एउटा परीक्षा हो, जसमा प्रधानमन्त्री पास हुँदा मात्रै नेपालको हित हुन्छ ।

# व्यवस्थामाथि उठेको प्रश्न र विकल्प

अग्रलेख



● कृष्ण बेलबासे

देशमा संघीय लोकतान्त्रिक गणतन्त्र लागू भएको छोटो समय मै जनता यो व्यवस्थाप्रति पूर्णरूपमा असन्तुष्ट रहेका पाइन्छन् । जनस्तरबाट यो व्यवस्थाप्रति तिव्र आक्रोश र घृणा व्यक्त हुन थालेको छ । जनतामा रहेको असन्तुष्टि एकातिर तिनले दैनिकरूपमा भोग्नुपरेका ज्यादति र घृणित कार्यका विरुद्ध व्यक्त हुने गरेको अभिव्यक्तिबाट प्रकट हुने गरेको पाइन्छ भने, अर्कातिर एकथरी मान्छेहरू व्यवस्था र सरकारका विरुद्ध आन्दोलनमा उत्रिएको घटनाबाट समेत देख्न पाइन्छ । तर, यति हुँदासम्म पनि न त यो व्यवस्थाको सञ्चालक मानिएको सरकार र यस व्यवस्थाका सर्जक एवम् समर्थक मानिएका दलका नेता एवम् कार्यकर्ताहरूलाई देशमा लामो प्रयत्नद्वारा स्थापित यो व्यवस्थाले किन कार्य गर्न सकेन ? भन्ने कुराप्रति कुनै सरोकार छ, न आफूहरूले यो व्यवस्थालाई राष्ट्र एवम् जनताको हित सापेक्ष तुल्याउन सकियोस् भन्ने कुराको बारेमा कुनै चाहना रहेको पाइन्छ । उनीहरूको बुझाइ राजनीति त्यस्तो शक्ति हो, जसको सदुपयोग होइन, दुरूपयोग मात्र गर्नु पर्दछ । त्यसो गर्न सकियो भने आफ्नो स्वार्थपूर्ति सहजरूपमा सम्भव हुन सक्दछ भन्ने रहेको छ ।

यस कुरालाई उदाहरणका रूपमा तिनले हिजोको व्यवस्था विरोधी हुँदा गर्ने गरेका विध्वंशक एवम् विनाशक कार्यहरू र आज सत्ता भोगी बनिरहेका बेला स्वार्थपूर्तिका लागि सत्ताको दुरूपयोग गरेर राष्ट्रिय ब्रह्मलुट मच्चाइरहेको कुरालाई लिन सकिन्छ । हिजो शक्ति आर्जनका निम्ति जनसमर्थन बटुल्न सहज थिएन, त्यसका निम्ति जनतालाई आदर्श, नैतिकता र सुव्यवस्था जस्ता कुराहरूको आश्वासन र भ्रम दिने गरिन्थ्यो । तर, आज सत्तामा पुगेकाहरू जनतालाई लुटमा सहभागी हुन प्रलोभन दिने कुरासँगै दमन सम्मका हत्कण्डाहरू अपनाइरहेका छन् । यसले नेपाली राजनीति जनसेवाको माध्यम नभएर आपराधिक कर्म हुनपुगेको कुरालाई प्रष्ट्याउँछ । त्यसैले अब राजनीतिमा सहभागी हुनु वा राजनीतिको समर्थन गर्नु भनेको महाअपराध हुन पुगेको छ । परिणामतः नैतिकता, इमान्दारीता र सद्कर्मको उपयोग गरेर राजनीतिमार्फत जनता एवम् राष्ट्रको सेवा गर्न चाहनेहरूले राजनीतिलाई तिलाञ्जली दिन बाध्य हुनु परेको छ ।

यसरी राजनीतिलाई त्याग्ने (असल र सही) पात्रहरूले राजनीतिक लुटेराहरू र तिनका मतियार एवम् समर्थकहरूबाट प्रताडितसम्म हुनुपर्ने अवस्था सिर्जना हुनपुगेकोले तिनीहरूले समाजमा सकारात्मक योगदान पुऱ्याउन कुनै ठोस भूमिका निर्वाह गर्ने अवस्थासम्म रहेको देखिँदैन । त्यत्ति मात्र नभएर सामाजिक सद्भाव एवम् सौहार्द्रता कायम गरेर शान्त र सभ्य जीवन बिताउने कुरा समेत असम्भव हुन पुगेको छ ।

माथिका कुराहरूको प्रमाण र आधार खोज्न कसैले पनि धेरै मेहेनत गर्नुपर्दैन । मष्तिस्कलाई एकछिन सामान्य तुल्याएर शासन सञ्चालनको नाममा भइरहेका लुटपूर्ण एवम् अमर्यादित क्रियाकलाप र तिनको परिणामलाई मूल्यांकन गर्दा हुन्छ । तद्रूपमा, संघीय शासनका स्थानीय, प्रदेश र केन्द्रीय तहमा रहेकाको कार्यपद्धति र जीवनशैलिलाई हेर्दा पुग्दछ ।

संघीयता जनताका आवश्यकतालाई सहजरूपमा पूरा गर्ने होइन, नेतृत्वकर्ता र तिनका परिवार एवम् सहयोगीका आकांक्षालाई परिपूर्ति गर्ने माध्यम बन्न पुगेको छ । आज देशको शासन, प्रशासन, विकास र सामाजिक सेवा (शिक्षा-स्वास्थ्य आदि)सँग सम्बन्धित समस्त क्षेत्रहरू भ्रष्टाचार, बेथिति एवम् अराजकताले थिलोथिलो बनेको छ । ती कुराको प्रमाण खोज्न जो कसैले केही गर्नुपर्दैन । आफ्ना केही कार्यहरू सम्पादन गर्न सम्बन्धित निकायहरूमा पुगेपछि यथार्थ कुरो थाहा लाग्दछ । यदि कसैको सम्पर्क दलीय दलालहरूसँग छैन वा उसले घुस वा कमिसन बापतको रकम उपलब्ध गराउन सक्दैन भने सबै शासकीय/प्रशासकीय निकायबाट पाउनुपर्ने सेवा बापत दुःख, कष्ट, हैरानी र नोक्सानी मात्र व्यहोर्नु पर्ने हुन्छ ।

देशका समस्त क्षेत्रहरूको अवस्थालाई हेरेर जहाँका जनताहरू अभाव र कष्टकर जीवन जिउन बाध्य छन्, ती क्षेत्रलाई प्राथमिकतामा राखेर विकासको बजेट छुट्याउनु पर्नेमा त्यसो नगरी कुन र कस्ता क्षेत्रमा बजेट खन्याउँदा कमिशन मिल्दछ, त्यस्ता क्षेत्रमा विकास बजेटको दुरूपयोग गरिएको हुन्छ । नपत्याए हेरौं न, काठमाडौंका फुटपाथहरूमा प्रत्येक वर्ष नयाँ रंगको टायल फेर्न बजेट खन्याइन्छ । भरतपुर नगरपालिकामा सडकको उचाई बृद्धि गर्न अथाह बजेट खर्च गरिन्छ । निर्वाचन क्षेत्रहरूमा अनावश्यक भ्यू-टावरहरूको निर्माण गरिन्छ । मुग्लिङ्गदेखि नौबिसेसम्मको ७० किलोमिटर जतिको सडकसँगैका नदी र खोलामा ५० भन्दा बढी



> देशको अवस्थामा सुधार सहजरूपमा सम्भव देखिँदैन । परिवर्तनको नाममा जे-जस्ता हर्कतहरू भइरहेका छन् र देशको अवस्थालाई जुन स्तरसम्म खसाइएको छ, त्यसको पछाडिको मूल कारण बाह्य हस्तक्षेप नै हो । विदेशी हस्तक्षेपलाई अन्त्य नगरेसम्म समस्या हल हुँदैन ।

पुलहरू (पक्की र झोलुङ्गे) बनाइएका छन् । तर, स्वार्थ सिद्ध नहुने क्षेत्रहरूमा सामान्य सडक र पुलहरूको सम्म व्यवस्था रहेको पाईंदैन । यस सन्दर्भमा चरम निर्लज्जतापूर्ण उदाहरण सुदुरपश्चिमका कयौं क्षेत्रहरूमा अझै पनि त्यहाँका नागरिकहरूले झोलुङ्गे पुलसम्म नभएर तुईनको सहारा लिनु परेका जस्ता कुराहरूलाई मान्नुपर्ने हुन्छ । यसरी विकासको केन्द्रबिन्दू कमिशन र नाफाखोरी मात्र हुनु संघीय शासनको उपादेयता हुने गरेको छ ।

जहाँसम्म गणतन्त्रको कुरा छ, गणतन्त्र जनमुखी तन्त्र नभएर भाँडतन्त्रको स्वरूप हो भन्ने कुरा गणतन्त्रका नायक कहलिएका राष्ट्रपति/उपराष्ट्रपतिलगायतहरुको हैसियत र आचरणबाट प्रष्ट हुन आउँछ । कुनै उच्च हैसियतको जिम्मेवारी ग्रहण गर्नेको सोंच, आचरण र कार्यशैली सही र सर्वस्विकार्य हुनुपर्छ भन्ने कुरासम्मलाई स्वीकार नगर्नेको जमातले गणतन्त्रलाई नै बदनाम तुल्याएका छन् । ती आफै गणतन्त्र बिरोधी कुपात्रहरू त हुँदै हुन् नै, थप आश्चर्य तिनले राजतन्त्रवादीहरूको बिरोधको सामना गर्नुपर्दा पनि आफूलाई भाँडतन्त्रवादी भन्दा भिन्नरूपमा प्रस्तुत गर्न सकेका छैनन् । यसले उनीहरूको हैसियतलाई राम्ररी प्रष्ट्याएको छ ।

रह्यो कुरा, कथित लोकतन्त्रको, लोकतन्त्र, प्रजातन्त्र र जनतन्त्र कै पर्यायवाची शब्द हुँदाहुँदै पनि आफूलाई भाँडतन्त्रवादीको रूपमा प्रदर्शित गर्दा छुद्र स्वार्थले स्थान पाउने भएकोले जनआवाजलाई उपेक्षा गर्नु अहिलेका लोकतन्त्रवादीहरुको उच्च विचारभित्र पर्न आउँदछ । बोली र व्यवहारमा एकरूपता नहुनु कथित लोकतन्त्रवादीहरूको मुख्य विशेषता हुनेगरेको छ । त्यसैले जनतासमक्ष यीबाट कुनै अपेक्षा गर्नुको सट्टा यिनलाई उपेक्षित एवम् बहिष्कृत तुल्याउनुको कुनै बिकल्प रहेको देखिँदैन ।

अब यहाँ प्रश्नहरू उठ्न सक्दछन्, देशलाई यस किसिमको अवस्थामा पुऱ्याउने कुराको मुख्य दोषी को हो ? र, के अब देशको अवस्थामा सुधार सम्भव छ ? निश्चय पनि, यो देश कुनै एक वर्ग, समुदाय र पक्षको मनपरी गर्ने स्थल होइन । यो आफूलाई नेपाली भन्न रुचाउने सबै तहका जनसमुदायको अस्तित्वलाई कायम राख्ने र हितलाई प्रवर्द्धन गर्ने पवित्र भूमि हो । यसको संरक्षण र विनाश दुवै कुरामा सबै जनताको समान भूमिका र योगदान रहेको हुन्छ । तर, जनताबिचका केही स्वार्थी र भँडुवा समूहले देशको संरक्षण, उन्नति एवम् प्रगतिको नाममा जनताको अवस्थामा विकृति ल्याउनेसँगै देशको अस्तित्व नै खतरा उत्पन्न गराउने गरेका छन् । जुन कुराबाट आजित भएर नयाँ बिकल्पको खोजीमा लागेका जनसमुदायले परिवर्तन र उन्नतिको झुट्टो आश्वासन दिने गरेका अन्य समूहलाई समर्थन र बल प्रदान गर्न पुग्दा भनिएको परिवर्तनपछि अझ झन् संकटपूर्ण अवस्थामा पुग्नु परेको छ । अहिलेको नामको संघीय लोकतान्त्रिक गणतन्त्र पनि त्यसै प्रक्रियाबाट उत्पन्न हुन गएको हो । सो कुरालाई कथित परिवर्तनका बाहकहरूको व्यवहारले स्पष्ट रूपमा प्रमाणित गरिदिएको छ ।

यसक्रममा थप सोचनीय कुरा, यतिबेला देशमा भ्रष्टाचार, लुटयुक्त कुशासन मात्र नभएर विदेशी शक्ति केन्द्रहरूको दवाब र हस्तक्षेपसमेत व्याप्त छ । दलीय एवम् दलालहरू सम्भव भएसम्म विदेशीको निर्देशन र संरक्षणमा परिचालित रहने, त्यस कुरामा कुनै चुनौति वा खतरा उत्पन्न हुने भएमा देशै विदेशीको पोल्टामा हालिदिनेसम्मको छुद्र सोचाइमा छन् । यो कुरालाई बुझेका विदेशी योजनाकारहरूले एकातिर उनीहरुलाई उस्तै रहनका निम्ति प्रेरित गर्दै जाने र अर्कातिर तिनको विरोधमा अर्को पक्षलाई उक्साएर देशमा थप संकट सिर्जना गरी आफ्नो हस्तक्षेपलाई अझ बढी दह्रो तुल्याउने र अन्ततः मुलुककै अस्तित्व मेटाइ दिने योजनामा छन् । देशलाई यो अवस्थाबाट जोगाउने हो भने विदेशी योजनाअनुसार परिचालित होइन, साँचो अर्थमा राष्ट्रिय हितप्रति समर्पित व्यक्तित्वलाई पहिचान गरी जनता तिनको पक्ष/समर्थनमा उभिन आवश्यक छ । यो कुरा बुझ्न जनताले नेपालको इतिहासलाई सहीरूपमा बुझ्नु र त्यसबाट शिक्षा लिनु आवश्यक छ । यसो भन्नुको तात्पर्य, साम्राज्यवाद र विस्तारवादको बिरोध त गर्ने, तर तिनकै भत्ता खाएर सामन्तवादको विरोधका लागि साम्राज्यवादी र विस्तारवादीहरूद्वारा परिचालित हुनु ठिक छ र अब यसैको बलमा देशमा समाजवाद/साम्यवादको स्थापना गरी छाड्छौं भन्ने जस्ता निकृष्ट अभिव्यक्ति दिँदै आफूहरू नै नवसामन्तको रूपमा उभिन पुगेकाहरूको बेइमानीलाई पछ्याउने गल्ति गर्नुहुँदैन भन्न खोजिएको हो ।

त्यसैले देशको अवस्था यो हदसम्म पुऱ्याउने कुरामा मूल जिम्मेवार लोकतन्त्र, समाजवाद र परिवर्तनको नाममा विदेशी योजनामा परिचालित दलीय दलालहरू र आफ्नो विवेकलाई बन्धकी राखेर दलको सदस्य वा समर्थक बन्न पुग्नेहरू नै हुन् । यो कुराको प्रमाण खोज्न पनि दलका नेता भनाउँदाहरूका अभिव्यक्ति र आचरणबिचको भिन्नता, अनि आफ्नो दलको नेता भनाउँदोले गरेका भ्रष्टाचारी, गैर-न्यायिक एवम् राष्ट्रघाती कर्तुतहरू हेर्नुभन्दा बढी केही गर्नुपर्दैन । यसले नेपाली समाज नै संकटपूर्ण अवस्थामा पुगेको कुरालाई प्रष्ट्याउँछ ।

जहाँसम्म देशको अवस्थामा सुधारको कुरा छ, त्यो सहजरूपमा सम्भव देखिँदैन । कारण, देशमा परिवर्तनको नाममा जे-जस्ता हर्कतहरू भइरहेका छन् र देशको अवस्थालाई जुन स्तरसम्म खसाइएको छ, त्यसको पछाडिको मूल कारण विदेशी योजना नै हो । विदेशी योजनामा ल्याइएको व्यवस्थामा विदेशी हस्तक्षेपलाई अन्त्य नगरेसम्म समस्या हल हुँदैन । केही फरक पात्रहरूको हुनसक्ला, प्रवृत्तिको हुनेछैन । यसका निम्ति आवश्यक मूल कुरा भनेकै जनताको सोंच र व्यवहारमा परिवर्तन ल्याउनु हो ।

अहिलेको परिवेशमा कसैको आदर्श, नैतिकता र इमानदारीतालाई स्थान दिइँदैन । जुन कुरा निकै नै दुःखद र लज्जाजनक विषय हुन पुगेको छ । त्यसैले अब देशलाई जोगाउने कुरा नेपाली जनताबिच भ्रम सिर्जना गरेर लुटेराको स्थान ग्रहण गर्ने आकांक्षा बोकेका पुराना तथा नयाँ दुवै किसिमका स्वार्थीहरूबाट कुनै हालतमा सम्भव छैन । देशलाई यतिबेला स्वार्थ प्रेरितहरूको होइन, बलिदानीहरूको खाँचो छ । यसका निम्ति देशको सार्वभौमसत्ता र भौगोलिक अखण्डता कायम राख्ने कुरासँगै देशबाट अधिनायकवादलाई समाप्त पार्न निःस्वार्थरूपमा आफ्नो ज्यू-ज्यानलाई बलिदान दिन पछि नपर्ने भक्ति थापा, अमरसिंह थापा, शुक्रराज शास्त्री, गंगालाल, दशरथ चन्द र धर्मभक्त जस्ता वीर/शहिदहरूको योगदानबाट प्रेरणा लिएर अघि बढ्नु आवश्यक छ । त्यसैले देशप्रति माया र नेपालीहरूबिच सद्भाव चाहने देश विदेश जहाँसुकै रहेका नेपालीहरूको ध्यान यस सवालप्रति गम्भीरतापूर्वक जाओस् ।

## सामाजिक सञ्जाल



**- भीम रावल**

दलाल, बिचौलिया, तस्कर, भ्रष्ट, सुदखोर, अपराधी, चरित्रहीन, विदेशीका चम्चा, अयोग्य र गैरजिम्मेवार हरूलाई पार्टी र सरकारमा भित्र्याए, संरक्षण गरेर समाजवाद, लोकतन्त्र, राष्ट्रियता, सुशासन र संघीयताका कुरा गर्नु गधा पालेर हात्ती, गैंडा र सिंह पालेको धाक दिनु जस्तै हो । यो कुनीतिबाट देश जोगाऔं !



**- गोपी कुमार खनाल**

स्वास्थ्य उपचारमा व्यक्तिगत आर्थिक सहायतामा राज्यको अरबौं रुपैयाँ खर्च भएको छ । एक जलन उपचार कोष निर्माण गरी यो रकमको केही प्रतिशत मात्रै सो कोषमा जम्मा गरी जलनमा परेका बालबालिका तथा विपन्नहरूको निःशुल्क उपचारको कार्य गर्न सके हजारौं निःसहायहरूको जीवन बच्नेछ !



**- निर्मल प्रसाइँ**

नेपाल दुरसञ्चार प्राधिकरणको 'टेरामक्स'मा अन्तर्राष्ट्रिय स्तरको घोटाला निस्कियो । ठेक्का लेबनानमा, भुक्तानी हङकङ र दुबईमा । एउटा बहालवाला मन्त्रीको नाम यसमा जोडिएको छ, न सरकार बर्खास्त गर्छ, न विपक्षी पार्टी राजीनामा माग्छ । भ्रष्टचार बोकेर कहाँ बन्छ देश ?



**- विश्वरसिंह मेवाहाङ**

जाजरकोटमा भूकम्प गएपछि लाखौं करोडौं सहयोग घोषणा गर्नेहरूको लामो लर्को आयो । नेता मन्त्रीहरूको हेलिकप्टर सवारले त हवाई आतंक नै मच्चाएको थियो । तर, अहिले भूकम्पग्रस्त क्षेत्रमा चिसोको कारण दर्जनभन्दा बढी मृत्यु भइसकेको छ । मान्छेको मृत्युसँग राहतको प्रचारप्रसार साट्नेहरू अजर अमर रहुन् ।

# जलवायु संकटको बढ्दो प्रभाव

विचार



● खगेन्द्र पौडेल

विश्वमा नयाँ-नयाँ परिवर्तनहरू देखिएका छन् । जुन सकारात्मकभन्दा बढी नकारात्मक छन् । जसले विश्वलाई चिन्तामा धकेलेको छ । जसको अहिले निकै चर्चा पनि भइरहेको छ । अहिले यो समस्या हैन कि एउटा संकटमा परिवर्तन भइसकेको छ, जसलाई हामी 'क्लाइमेट क्राइसिस' अथवा 'जलवायु संकट' भन्ने गर्छौं । 'कोरोना भाइरस' होस् वा अन्य जलवायु संकटले सिर्जना गरेका उपज हुन् । वास्तवमा यसको जडमा आजको कर्पोरेट पुँजीवादी व्यवस्था रहेको छ, जो बढीभन्दा बढी मुनाफा कमाउने नीतिलाई प्रयोग गर्दै प्रकृतिसँग जोडिएका सबै साधनहरूको गलत प्रयोग र बढी प्रयोगलाई बढावा दिएर जलवायु र मानव समेतको लागि तुलना नै गर्न नसकिने संकट जन्माउँदै आइरहेको छ । परिणाम यो भयो कि अब हरेक वर्ष कुनै न कुनै हावाहुरी आउँछ र तहस नहस गरेर मात्र जान्छ ।

बर्ड फ्लू, स्वाइन फ्लू, इबोला र कोभिड-१९ जस्ता महामारीहरू यसै कारणले जन्मेका छन् कि कर्पोरेट पुँजीवादी व्यवस्थाले इकोलोजिकल सिस्टमलाई पूर्णरूपमा बिगारेर छोडेको छ । यस व्यवस्थाले गर्दा प्रकृतिसँग खेलबाड यस प्रकारले बढ्दै गएको छ कि जहाँ पहिले बाढी र भूकम्प जस्ता प्राकृतिक प्रकोपहरू दशकौंमा आफ्नो प्रभाव देखाउँथे भने अहिले यो दिनप्रतिदिनको घटना बन्दै गएको छ । वैज्ञानिकहरूले चेतावनी दिँदै आइरहेका छन् कि यो धरती र यसमा रहने सबै जीव-जन्तुहरू केही वर्षभित्रमै समाप्त हुने अवस्थामा छन् । यथार्थमा, यहाँ इकोलोजिकल सिस्टम (पारिस्थितिकी तन्त्र)को ठाउँमा इकोनोमिक सिस्टम (अर्थतन्त्र)लाई वरियता(प्रमुखता) प्राप्त हुँदै गएको छ । इकोलोजिकल सिस्टममा सन्तुलनको कारणले नै हाम्रो धरती अहिलेसम्म कायम रहिरहेको छ । तर, अब यो सन्तुलन बिग्रिँदै गइरहेको छ ।

पहिले इकोलोजिकल स्थितिहरूबाट तय हुन्थ्यो कि पृथ्वीमा कुन प्रजाति कति संख्यामा हुनुपर्छ । तर, अब यो मानिसले तय गरिरहेको छ कि अर्को सबै प्रजातिहरू घट्दै जाउन र उसको आफ्नो जनसंख्या बढोस् । यसै कारणले हामी जलवायुको जबरजस्त संकटमा फफिसकेका छौं ।

विश्वका अधिकांश भागमा स्तनधारी जनावर हरूको भौगोलिक क्षेत्र खोसिएकोले आफ्नो जनसंख्याको ७० प्रतिशत भाग गुमाइसकेका छन् । १९औं शताब्दीको प्रारम्भदेखि लिएर आजसम्म हामीले करीब ४१ प्रतिशत जति प्रजातिहरूलाई गुमाएका छौं, जुन जल र धरती दुवैमा रहन सक्छन् । यही मात्र होइन, समुद्री जीव पनि खतरामा छन् ।

आज विश्वका १० प्रतिशत कीट प्रजातिहरू समाप्त भैसकेका छन् । समुद्रमा ३३ प्रतिशत कोरल रीफ नष्ट भइसकेको छ । करिब ९० प्रतिशत प्रजातिका बालीहरु नष्ट भएका छन् । घरपालुवा जनावरमध्ये नौ प्रतिशत जति प्रजाती हामीसँग छैनन् । मोटामोटी अनुमान छ कि हरेक प्रकारका ८० लाखको नजिकका प्रजातिहरू अब यस विश्वमा रहेनन् र लगभग १० लाख जति अझ समाप्तिको नजिक पुगिसकेका छन् । यथार्थमा, कर्पोरेट पुँजीवादी व्यवस्थाले विकासको जुन मोडेल प्रयोग गर्दैछ र त्यो पनि यो प्रचार गरेर की मानव प्रकृतिको मालिक हो र उसलाई जित्न सक्छ, प्रकृतिसँग बेहिसाब खेलवाड गर्दै आइरहेको छ, जसले रुख-विरुवाहरू र जीव-जन्तुहरूको विविधतामा कमी आउँदै गरेको छ । वन्यजन्तुहरूको बसोबासको क्षेत्र संकुचित हुँदै गएको छ । मात्र मानवको जनसंख्या बढ्दै गएको छ । सन् १८०० मा विश्वमा मानवको जनसंख्या एक अरब थियो, जो आज बढ्दै-बढ्दै आठ अरब हुन पुगेको छ, अर्थात् यसमा आठ सय गुणा वृद्धि भएको छ । बुझ्ने कुरो यो हो कि मानव जीवनको साथसाथै वन्यजन्तु पनि उत्तिकै आवश्यक छ ।

यसैले मात्र पृथ्वी मानव र वन्यजन्तु सँगै हुँदा मात्रै सुरक्षित रहन सक्छ र वन्यजन्तुको विकासमा पनि मानवको योगदान र सहयोग अत्यावश्यक छ । हामी यस सन्तुलनलाई कायम राख्नमा आफ्नो हिस्सा(भाग) बुझेर वन्यजन्तुको विकास, विस्तार, संरक्षण र सम्बर्द्धनमा आफ्नो महत्वपूर्ण योगदान गरौं । विश्वलाई संकटबाट रोक्ने उपाय पनि यही हो । नत्र हामी विनाशतर्फ छिट्टै पुग्ने कुरामा निश्चित रहनेछ ।

## तपाईंको राशिफल

- मेष : पराक्रममा वृद्धिको योग छ । सन्तान सुख प्राप्त हुनेछ ।
- वृष : श्रीमतीको राम्रो सहयोग पाइनेछ । पैतृक सम्पत्तिमा वृद्धि हुनेछ ।
- मिथुन : बाहिरी सहयोगमा कमी आउनेछ । स्वास्थ्य राम्रो रहनेछ ।
- कर्कट : व्यावसायिक यात्रा सफल हुनेछ । विवादमा परिने योग छ ।
- सिंह : दैनिक कार्यमा प्रगति हुनेछ । खर्चमाथि नियन्त्रण राख्न जरुरी छ ।
- कन्या : सम्बन्धहरूमा सुधार आउनेछ । राजकीय कार्यमा वृद्धि हुनेछ ।
- तुला : सामाजिक कार्यमा वृद्धि हुनेछ । साथीहरूको राम्रो सहयोग प्राप्त हुनेछ ।
- वृश्चिक : आफ्ना इष्टमित्रहरूसँग भेटघाट हुनेछ । वाणी संयम् जरुरी छ ।
- धनु : कार्यहरूमा सावधानी राख्नुहोस् । पदोन्नति हुने योग ।
- मकर : नयाँ सम्पर्क बन्नेछ । शुभ समाचार प्राप्त हुनेछ ।
- कुम्भ : अनावश्यक खर्चको योग छ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।
- मीन : राजनैतिक सहयोग प्राप्त हुनेछ । उत्साहमा वृद्धि हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# दशैं, तिहार सकिएपछि सुनसान बन्यो गाउँ



कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, ११ मंसिर

जाजरकोट जिल्लाका गाउँ बिस्तारै सुनसान हुँदै गएका छन् । दशैं, तिहारका लागि केही दिन अगाडिबाट भरिभराउ बनेका गाउँहरू फेरि रित्तो हुँदै गएका हुन् । दशैं, तिहारजस्ता महान चाडपर्व मनाउन लामो बिदामा गाउँ आएकाहरू आ-आफ्नो कार्यक्षेत्रतिर फर्किएपछि गाउँबस्ती सुनसान देखिन थालेका हुन् । अध्ययन, रोजगार तथा विभिन्न कामले बजार क्षेत्रमा बस्दै आएकाहरू दशैं, तिहार मनाउन गाउँ आएका थिए ।

चाडपर्व सकिएलगत्तै गाउँ आएकाहरू धमाधम आफ्नो कार्यक्षेत्रतिर झर्न थालेपछि गाउँ सुनसान बन्न थालेको जाजरकोट कुशे गाउँपालिका-३ कि सरिता सिँहले बताइन् । यस्तै जाजरकोट शिवालय गाउँपालिका ५ घर भइ हाल काठमाडौंमा बस्दै आएका आदित्य शाहीले दशैं, तिहार मानेर कर्मक्षेत्रमा जान निकै कठिन लागेको बताए । 'दशैं, तिहारमा रमाइलो भएको थियो, कति छिट्टै छुटिने दिनपनि आइसके छ, अर्को वर्ष फेरि भेट हुन्छ हुँदैन, यतिको रमाइलो हुन्छ हुँदैन' उनले निराश हुँदै भने, 'दशैंको फूलपातीको दिनदेखि तिहारको भोलिपल्टसम्म गाउँघरमा जता गए पनि आफन्त मात्रै भेटिन्थे, सबैसँग भेट हुन्थ्यो हास्थ्यौं सँगै बसेर रमाइला रमाइला कुरा हुन्थे, अब त यो गाउँ पनि सुनसान हुनेहोला ।'

यस्तै जुनिँचादे गाउँपालिका-२ कि यशुदा विकले दशैं,तिहार मनाउनकै लागि शहरमा बस्दै आएका छोराछोरी, आफन्त, इष्टमित्र गाउँमा आएको भएपनि दशैं, तिहार लगत्तै उनीहरू गन्तव्यमा फर्किएपछि आफूलाई गाउँमा एक्लै बस्दा नरमाइलो लाग्न थालेको बताइन् । दशैं, तिहार मान्नका लागि गाउँमा रहेका आफ्ना जन्मघर तथा पुर्ख्यौली घरमा पुगेकाहरू पनि सधैंको दैनिकी धान्नकै लागि गन्तव्यमा फर्किएका छन् त कोही फर्किने क्रममा छन् । दशैंका कारण सुनसान बनेका शहरहरू फेरि उही रमाइलोको लयमा फर्किएका छन् ।

दशैं, तिहारमा बजारबाट घर फर्किनेहरूका कारण भरिभराउ भएका सवारी साधनहरू अहिले गाउँबाट शहर फर्किनेका कारण भरिभराउ हुन थालेका छन् । यात्रुको चापका कारण अघिपछि खाली दौडिने गरेका सवारी साधनमा यात्रुहरू भरिएको र सवारीहरू नै अपुग भइरहेको ट्राफिक प्रहरीले जनाएको छ ।

## मेला र घर छोड्ने दिन कुर्दै

शिवालय गाउँपालिकामा अधिकांश मानिस सबै आ-आफ्नो कार्यक्षेत्रतिर गइसकेका छन् भने कोही जाने तयारीमा रहेका छन् । यहाँ अहिले भएका धेरै मानिसहरु परम्परागतदेखि लाग्दै आएको चिङ्गाड गाउँपालिकाको ठाँटी मेलाको प्रतिक्षा गरेर बसिरहेका छन् । मेला सोमबार लाग्दै छ । भएका पुरुषहरु यहाँको मेला हेरेर कोही पढ्न काठमाडौं, सुर्खेत, कोहलपुर त कोही जिविकोपार्जन गर्न भारत जाने तयारीमा रहेका छन् । उनीहरु मेला र कार्यक्षेत्रमा जाने दिन कुरेर बसेका छन् ।

## बसाइसराइ गर्दै, बाँझो जग्गा छोड्दै

जाजरकोटको शिवालय गाउँपालिकामा पछिल्लो खेतीयोग्य जमिन बाँझो राख्ने प्रचलन बढ्दै गएको छ । बढ्दै गएको युवाशक्तिको पलायन, बाँदरको आतंक, भौगोलिक अवस्था, कृषिमा यान्त्रिकरणको अभाव बसाइसराइलगायत कारणले वर्षेनी बाँझो जमिनको क्षेत्र बढ्दै गएको हो । विगतका वर्षहरुमा एउटाले बाँझो जग्गा छोडपनि अर्कोले त्यही जग्गामा बाली लगाउने गरेका थिए । तर पछिल्लो समय भने एउटाले बाँझो जग्गा छोडेपछि अर्कोले पनि बाँझो जग्गा छोड्ने गरेका छन् ।

शिवालय गाउँपालिका-५ मा बस्ने ददु शाहीले केही वर्ष पहिले आफ्नो मात्र नभइ अरुको जग्गामा पनि बाली लगाउने गर्दथे । तर हिजो आज उनका नाति नातिना बुहारी छोरा सबै बजारमा बस्न थालेपछि उनले भएको जग्गा पनि बाँझो छोड्न थालेका छन् । यस्तै सोही ठाउँका नैनबहादुर शाहीले पनि केही वर्ष पहिलो अरुको बाँझो जग्गामा पनि खेतीपाती गर्थे । तर उनी एक वर्ष अगाडि बसाइ सरेर बर्दिया गएपछि उनको खेत तथा पाखोबारी अहिले सबै बाँझो रहेको छ । यहाँका धेरैजसो मानिसहरु बसाइ सरेर सुर्खेत, कोहलपुर र बर्दिया जाने गरेका छन् भने कोही सबै परिवार लगेर नै भारत जाने गरेका छन् ।

## विकाससँगै गाउँ रित्तिँदै

विगतका वर्षहरुमा भन्दा पछिल्लो समय यहाँ धेरै नै विकास हुँदै गएको छ । तर विकास भएपनि यहाँ गाउँमा भएका अधिकांश मानिसहरु बाहिरी देश र बजारमा जान थालेका छन् । केही वर्ष पहिले यहाँ बिजुली, सडक, सञ्चार नहुँदा यहाँका स्थानीयले निकै सास्ती खेप्नुपरेको थियो । तर हिजोआज भने यहाँ बिजुली सडक सञ्चार सबैको विस्तार भएको छ । सडक र सञ्चारको पहुँच पुगे पनि गाउँमा रोजगारी सिर्जना भने हुन सकिरहेको छैन । यही कारण गाउँबाट मानिस विदेशिइरहेका छन् । हिजो आज त झनै पुरुषको संख्या न्यून रहेको छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०३/०७ मा दर्ता भएको **प्रा.लि. नं. ३७४९३६** को **नन्दा फुड इन्डष्ट्रीज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६३/०३/०७ मा दर्ता भएको **प्रा.लि. नं. ४००२७** को **ए वन एक्सकर्शन टुर्स एण्ड ट्राभल्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०८/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०८/१२**

**आर.एस.टि. ईन्टरनेशनल ईम्प्लाईमेन्ट प्रा.लि.** को मिति २०७९/११/१० मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अल हरम ओभरसिज प्रा.लि. (प्रा.लि. नं.: १८२७२२)** साथै साविक ठेगाना परिवर्तन गरी **काठमाडौं जिल्ला, का.म.न.पा.-२६ मा** कायम गर्ने गरी मिति २०७९/११/११ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति : २०८०/०८/१२)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०८/१८

**बोलपत्र खोलिने मिति**
२०८०/०८/१९ दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **१) ऋणी : गार्डेन मार्ट प्रा.लि.**<br>दर्ता नं. : २२२३८१/०७६/०७७<br>ठेगाना : का.म.न.पा. १६, बालाजु, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. केदार नाथ शर्मा**<br>(ना.प्र.नं. २१७३९, मिति २०५०/०८/०८ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>बाबु : रत्नाखर शर्मा<br>बाजे : रविलाल शर्मा<br>**२. गिता शर्मा**<br>(ना.प्र.नं. ९८१५, मिति २०५९/०४/०६ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>पति : केदार नाथ शर्मा<br>ससुरा : रत्नाखर शर्मा<br>**३. काल्स शर्मा**<br>(ना.प्र.नं. ६६-०६-७४-००९४२, मिति २०७४/०३/२० मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>बाबु : केदार नाथ शर्मा<br>बाजे : रत्नाखर शर्मा | १. गार्डेन मार्ट प्रा.लि.को नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, थानकोट गा.वि.स./न.पा. वडा नं. ०३ (क) स्थित कि.नं. ८१९ (०-६-०-० रोपनी), कि.नं. ८२१ (१-८-०-० रोपनी), कि.नं. ३९२ (२-४-०-० रोपनी), कि.नं. ८०८ (०-१५-१-३ रोपनी), कि.नं. ८०९ (०-०-२-१ रोपनी) र कि.नं. ३९० (०-४-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन :<br>**कम्पनीको नाम :** TATA Motors Ltd<br>**सवारीको मोडेल :** SFC 407/31<br>**निर्माण वर्ष :** २०२२<br>**ईन्जिन नं. :** 4SPCR11AXX601934<br>**च्यासिस नं. :** MAT505242N8R01609<br>**सवारी दर्ता नं. : बा प्र-०३-००१-क ०७८७**<br>**३. यस बैंकको नाममा धितो सुरक्षणमा रहेका विविध समान तथा उपकरणहरु :**<br>(क) पेय पदार्थ<br>(ख) घरायसी सामानहरु<br>(ग) स्वास्थ्य तथा सरसफाइका सामानहरु<br>(घ) इलेक्ट्रोनिक सामानहरु तथा अन्य सामानहरु |

नोट : माथि उल्लेखित धितो बाहेक बैंकको नाममा दर्ता कायम रहेको Nissan Kicks 2021, सवारी दर्ता नं. : बागमती प्रदेश-०१ ०२६ च ०३४७, TATA Motors Bharat , XENON YODHA, सवारी दर्ता नं. बागमती प्रदेश-०१-००१-च १४६१, Mahindra And Mahindra XENON YODHA, सवारी दर्ता नं. बागमती प्रदेश-०१-००६-ख २६४३, Toyota Motors Rush High AT 2021, सवारी दर्ता नं. बागमती प्रदेश-०१-०२५ च ६८६०, Nissan Motor India P Ltd X-Trail Jeep 2018, सवारी दर्ता नं. प्रदेश ३-०१-०२३ च ७९४५, TATA Motors Ltd, SFC 407/31 EX 2021, सवारी दर्ता नं. बा प्र-०३-००१-क ०७२९, TATA Motors Ltd SFC 407/31 2021, सवारी दर्ता नं. बा प्र-०३-००१-क ०७३०, TATA Motors Ltd Xenon Yodha 2021, सवारी दर्ता नं. बा प्र-०३-००१-च १४७३ गाडीहरु बैंकको कब्जामा नरहेको हुनाले उक्त गाडीहरुको लिलामी ननिकालिएको ।

| क्र. सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| २. | विविध कर्जा | **२) ऋणी :**<br>**शिखर दिप फुड ईण्डष्ट्रीज प्रा.लि.**<br>दर्ता नं. : १३५०१४/७१/०७२<br>ठेगाना : चाँगुनारायण ०५, भक्तपुर<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. केदार नाथ शर्मा**<br>(ना.प्र.नं. २१७३९, मिति २०५०/०८/०८ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>बाबु : रत्नाखर शर्मा<br>बाजे : रविलाल शर्मा<br>**२. गिता शर्मा**<br>(ना.प्र.नं. ९८१५, मिति २०५९/०४/०६ मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>पति : केदार नाथ शर्मा<br>ससुरा : रत्नाखर शर्मा<br>**३. काल्स शर्मा**<br>(ना.प्र.नं. ६६-०६-७४-००९४२, मिति २०७४/०३/२० मा जि.प्र.का. बाँकेबाट जारी भएको)<br>बाबु : केदार नाथ शर्मा<br>बाजे : रत्नाखर शर्मा | १. शिखर दिप फुड ईण्डष्ट्रीज प्रा.लि.को नाममा भक्तपुर जिल्ला मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, छालिङ्ग गा.वि.स./न.पा. वडा नं. ०५ (ख) स्थित कि.नं. ३४४ (३-०-०-० रोपनी), कि.नं. ५१४ (०-१४-०-० रोपनी), कि.नं. १००५ (०-४-०-० रोपनी) र कि.नं. १००३ (१-०-३-० रोपनी) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमका सवारी साधनहरु :<br>**(क) कम्पनीको नाम :** TATA Motors Ltd<br>**सवारीको मोडेल :** SUPER ACE Refrigerator<br>**निर्माण वर्ष :** २०१९<br>**ईन्जिन नं. :** 4751DT18NRYSJ0814<br>**च्यासिस नं. :** MAT483139JYR29164<br>**सवारी दर्ता नं. : बा ३१ च ७९५५**<br>**(ख) कम्पनीको नाम :** TATA Motors Bharat<br>**सवारीको मोडेल :** Refrigerated Van on Super Ace<br>**निर्माण वर्ष :** २०१९<br>**ईन्जिन नं. :** 475IDT18NRYSJ0809<br>**च्यासिस नं. :** MAT483139JYR29249<br>**सवारी दर्ता नं. : बा ३१ च ७९८८**<br>**(ग) कम्पनीको नाम :** Nissan Motor India P Ltd Bharat<br>**सवारीको मोडेल :** Datsun Go A 'O'<br>**निर्माण वर्ष :** २०२१<br>**ईन्जिन नं. :** 840431 D<br>**च्यासिस नं. :** MDHZBAADOM1710962<br>**सवारी दर्ता नं. : प्रदेश ३-०१ ०२४ च ६९८०**<br>**३. यस बैंकको नाममा धितो सुरक्षण स्वरुप हाइपोथिकेशनमा रहेका विविध सामान तथा उपकरणहरु ।** |

नोट : माथि उल्लेखित धितो बाहेक बैंकको नामामा दर्ता कायम रहेको TATA Motors Bharat Refrigerated Van on Super Ace 2019, सवारी दर्ता नं. बा ३१ च ७९७३ र TATA Motors Refrigerated Van on Super Ace 2019, सवारी दर्ता नं. प्रदेश ३-०१ ०२२ च २८५७ गाडीहरु बैंकको कब्जामा नरहेको हुनाले उक्त गाडीहरुको लिलामी ननिकालिएको ।

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np



**रोजगारको अवसर**

**1. BU FARMS SDN BHD, SELANGOR, MALAYSIA**
पुर्व स्विकृति मितिः २०७९।१२।१५ चलानी नं. ६०१९९०३७ LT No. 283591 पुनः बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture | 40 पुरुष | काममा दक्ष | 1500 | 42746 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८० मंसिर १९ गते (5 December 2023) हुनेछ।

**2. JADDARAH RECRUITING CO, JEDDAH, SAUDI ARABIA** पुनः बिज्ञापन
पुर्व स्विकृति मितिः २०८०।०२।०४ चलानी नं. ६०२०४९९२ LT No. 286134

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने रू | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 100 पुरुष | काममा दक्ष | 1000 | 35568 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८० मंसिर २१ गते (7 December 2023) हुनेछ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | नि:शुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः ० श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१

**सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.**
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

**कतारमा रोजगार** | कम्पनीः Pro Service for Service & Hospitality & Maintenance & Contracting Wll
शहरः DOHA
पूर्व स्वीकृत मितिः २०८०/०७/२२ चलानी नं.: ६०२१०६४४ LT. No.: 294856

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 2 | स. काममा दक्ष | 1000 | ३६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १९ गते (5 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Human Resource (P.) Ltd.**
Govt Lic. No. 595/062/063
P.O. Box: 12543, Basundhara, Kathmandu, Nepal, Tel: +977-1-5903488, 5903399, 9801034262
Fax: +977-1-4361742, Email: amityhr5@gmail.com Website: www.amityhr.com

**मलेसियामा रोजगार** | Company : EMUM 55 (MELAKA) SDN.BHD.
City : MELAKA
पूर्व स्वीकृत मितिः २०७९/०६/२६ चलानी नं.: ६०१८८९८९ L.T. No.:273328 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 4 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SUPER GRAND BUSINESS SDN BHD City : MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०४/०८ चलानी नं.: ६०१८३७०९ L.T. No.: 267876 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १९ गते (5 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सूग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसूग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**अरोरा ह्युमेन रिसोर्स प्रा. लि.**
श्रम इजाजत नं. ७३६/०६४/०६५
कुपण्डोल-१०, ललितपुर, फोनः ०१-५२६१०६३, ५२६०८१०, फ्याक्सः ०१-५१६१०५९
E-mail: aurorashrpl@gmail.com, Web.: www.auroranepal.com | Mobile: 985-1139971, 9851008157

**साउदी अरबमा वैदेशिक रोजगारको अवसर**
कम्पनीः ISAM KABBANI & PARTNERS CONSTRUCTION & MANAGEMENT CO.LTD शहरः SAUDI
पुर्व स्वीकृत मितिः २०८०/०४/२१ चलानी नं.: ६०२०६७८६ L.T. No.:291647

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० मंसिर १९ गते (5 December 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.**
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं
(ब्राजिलियन राजदूतावासको पछाडी)
पो.ब.नं. १९३४६, फ्याक्स नं.: ४७२१८८८, फोन नं. ०१-४७२१६३३
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ ।

**कतारमा रोजगार** | १. कम्पनीः PARKVIEW TRADING AND MAINTENANCE WLL
शहरः DOHA
पूर्व स्वीकृत मितिः २०७९/०७/१८ चलानी नं.: ६०१९०५३९ L.T. No.: 274977 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 1 | 0 | | 1100 | ४०,२१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर १९ गते (5 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्याहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३
जि.पि.ओ.बक्सः २३९०१, धोवीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोनः ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

**MALAYSIA मा वैदेशिक रोजगारको अवसर**
कम्पनीः VALUED PRODUCTS (M) SDN. BHD. शहरः Malaysia,johor
पूर्व स्वीकृत मितिः २०७९/०३/२३ चलानी नं.: ६०१८२९१० LT. No.: 266958 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 158 | 0 | स. काममा दक्ष | 1500 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० मंसिर १९ गते (5 December) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Govt Lic No. 1503/074/075
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477

# भूत मेलामा श्रद्धालुको घुइँचो

राजेन्द्र महतो/मध्यान्ह
सिरहा, ११ मंसिर



धनुषा-सिरहा जिल्ला जोड्ने कमला नदीमा धामीझाँक्री, बोक्साबोक्सी र भूतप्रेतबाट पीडितहरुको आज बिहानै देखि घुँइचो लागेको छ। प्रत्येक वर्ष कात्तिक पूर्णिमाको दिन लाग्ने अनौठो 'देवता मेला'मा सिरहा, धनुषा, महोत्तरी, सर्लाही, सप्तरीलगायत दर्जनौं गाउँ तथा भारतबाट लावालस्करका साथ उफ्रँदै आएका धामीझाँक्री, भगता र सर्वसधारणहरुको भिड लागेको छ।

धामीझाँक्री, भगताहरुले 'घरको कुलदेवता' खेल्दै कमला नदीमा स्नान गरेका छन्। स्नान र पूजापाठपछि दहीच्यूरा खाएर नीहरू घर फर्किन्छन्। आ-आफनो इष्ट देवताहरुको नाम जप्दै धामीझाँक्री मादल, झ्याली, ढोलपिपहीजस्ता बाजाको तालमा कमला नदीमा स्नान गर्छन्।

आइतबार रातिबाटै कमला नदी किनारमा भगत (देउता) खेल्नहरुको घुइँचो लागेको थियो। आफ्नो शरीरमा बास बस्न आएका देवतालाई पवित्र पार्न तथा शरीरमा देवीदेवताको स्थायीवासका लागि कात्तिक पूर्णिमामा स्नान गर्ने गरिन्छ। पवित्र नदीमा प्रथम स्नान गर्ने धामीझाँक्रीसँग आशिष थाप्ने श्रद्धालुहरूको संख्या पनि उल्लेखनीय रहने गरेको छ। देउता खेल्दै आएका महिला तथा पुरुषहरू कमला नदीमा स्नान गरी घर फर्किन्छन्। मुख्यत: ग्रामीण भेगका अशिक्षित तथा टुनामुनामा विश्वास गर्ने महिला पुरुषहरूको संख्या मेलामा उल्लेख्य रहने गरेको छ।


## कृष्णपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना

प्रकाशित मिति २०८०/०८/१२

यस कृष्णपुर नगरपालिका, नगर कार्यपालिका कार्यालयको बिभिन्न मितिमा प्रकाशित शिलबन्दी बोलपत्र आह्वानको सूचना वमोजिम तपशील बमोजिमका कार्यहरु गर्न उल्लेखित म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुदा न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय वमोजिम ठहरी स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक ( मु.अ.कर र कन्टेन्जेन्सी सहीत ) रु. |
|---|---|---|---|
| 7-SUP-2080/081 | स्यानीटरि प्याड खरिद गर्ने कार्य | श्री ए.जि. हेल्थ ईण्डष्ट्रि प्रा.ली., तिलोत्तमा १६ रुपन्देही नेपाल | १०,२५,२५७८१ |
